# सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ५** **संख्या : १९** **मितिः आषाढ २१ गते, २०७८**


## भाग- २

### “सिद्धार्थनगर नगरपालिकाको स्वास्थ्य सेवा व्यवस्थापन कार्यविधि, २०७८”

**मिति : २०७८।०३।२१ गते नगरकार्यपालिकाबाट स्वीकृत**

**प्रस्तावना**

नगरबासीहरुको आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा नगरपालिकाको प्रमुख जिम्मेवारी रहेको र सोको व्यवस्थापन गर्न स्पष्ट कानूनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २२१ अनुसार अनुसुची ८ को सुची नं ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम मिति २०७८ साल असार महिना २१ गतेको कार्यपालिकाको बैठकबाट स्वीकृत गरी यो कार्यविधी कार्यान्वयन गरिएको छ ।

### भाग १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिलाई सिद्धार्थनगर नगरपालिकाको **स्वास्थ्य सेवा व्यवस्थापन कार्यविधि, २०७८** भनिनेछ ।

(ख) यो कार्यविधि सिद्धार्थनगर नगरपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भएर स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात् लागु हुनेछ ।

सिद्धार्थनगर नगरपालिका

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **कार्यविधि** भन्नाले सिद्धार्थनगर नगरपालिकाको स्वास्थ्य सेवा व्यवस्थापन कार्यविधी, २०७८ लाई सम्झनु पर्दछ ।

(ख) **संघीय ऐन** भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई सम्झनु पर्दछ ।

(ग) **कार्यपालिका** भन्नाले सिद्धार्थनगर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) **सरकारी वा सामुदायिक स्वास्थ्य संस्था** भन्नाले सिद्धार्थनगर नगरपालिका भित्रका सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ङ) **निजी** भन्नाले सेवाको सँगसगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था सम्झनु पर्दछ ।

(च) **ट्रष्ट वा लोक कल्याणकारी** भन्नाले लोक कल्याणकारी स्वास्थ्य संस्था सम्झनु पर्दछ ।

(छ) **गैरसरकारी स्वास्थ्य संस्था** भन्नाले मुनाफा रहित उद्देश्यले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनको लागि प्रचलित कानून बमोजिम दर्ता भइ अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा संचालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्था सम्झनु पर्दछ ।

(ज) **स्वास्थ्य क्लिनिक** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई कुनै पनि व्यक्तिलाई आधारभूत स्वास्थ्य सेवा सम्बन्धी जाँच गर्ने, आवश्यक परामर्श सेवा उपलब्ध गराउने संस्थालाई सम्झनु पर्दछ ।

(झ) **स्वास्थ्य संस्था** भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र सहरी स्वास्थ्य केन्द्र, आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्र तथा प्रचलित कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा संचालन गर्न अनुमति प्राप्त अस्पताल, स्वास्थ्य अनुसन्धान केन्द्र जस्ता सेवाहरु संचालन गर्ने संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवा प्रबाह गर्ने संस्था समेतलाई जनाउँछ । अस्पताल भन्नाले बिरामी भर्ना गरी चिकित्सकद्वारा स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनु पर्दछ ।

(ट) **व्यवस्थापन समिति** भन्नाले दफा ५ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समिति सम्झनु पर्दछ ।

## भाग २
## स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था

### ३. स्वास्थ्य सेवा

प्रत्येक नागरिकलाई संघीय तथा प्रदेश सरकारले तोके बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु तथा सामान्य आकस्मिक अवस्थाका स्वास्थ्य सेवा प्रत्येक आधारभूत स्वास्थ्य केन्द्रहरु तथा संघीय सरकार, प्रदेश सरकार, स्थानीय तहबाट तोकिएका स्वास्थ्य संस्थाहरुबाट निःशुल्क रुपमा प्रदान गरिनेछ ।

सिद्धार्थनगर नगरपालिका

## ४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड

स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

## ५. नगरस्तरीय स्वास्थ्य सेवा व्यवस्थापन समितिको गठन र काम, कर्तव्य अधिकार

५.१ नगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न देहाय बमोजिमको नगरस्तरीय स्वास्थ्य सेवा व्यवस्थापन समितिको गठन गरिनेछ । समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) नगर प्रमुख – अध्यक्ष
(ख) नगर उपप्रमुख – सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
(घ) नगरपालिकाको स्वास्थ्य क्षेत्र हेर्ने समितीको संयोजक – सदस्य
(ङ) नगर कार्यपालिकाले तोकेको कार्यपालिकाको महिला सदस्य – सदस्य
(च) स्वास्थ्य क्षेत्रमा नगरपालिकाले तोकेका विज्ञ दुईजना स्वास्थ्य विज्ञ – सदस्य
(छ) स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

समितिमा आवश्यकता अनुसार अन्य विज्ञ वा सम्बधित पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ । समितिको बैठक बस्दा र अनुगमन गर्दा कार्यपालिकाका सदस्यहरुले पाउने सरह बैठक भत्ता उपलब्ध गराईनेछ ।

५.२ स्वास्थ्य सेवा व्यवस्थापन अनुगमन समितिको गठन, काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफ्नो कार्यक्षेत्र भित्रको स्वास्थ्य सेवाको योजना तयार गर्ने ।
(ख) नगरपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति तथा नविकरणको लागि नगरपालिकालाई आवश्यक राय पेश गर्ने ।
(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।
(घ) स्वास्थ्य संस्थाहरुका लागि आवश्यक स्रोत जुटाउने र परिचालन गराउने ।
(ङ) स्वास्थ्य संस्थाहरुको अनुगमन गर्ने गराउने ।
(च) स्वास्थ्य विशेषज्ञहरु तथा स्वास्थ्य सेवा प्रदायकहरुको सूचि अद्यावधिक र प्रकाशन गर्न लगाउने ।
(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध मिलाउने ।
(ज) नगरपालिकालाई स्वास्थ्य सेवा संचालनका क्षेत्रमा आवश्यक राय सुझाव पेश गर्ने ।
(झ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

सिद्धार्थनगर नगरपालिका

## ६. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार

६.१ नगरपालिका क्षेत्र भित्र रहेका १६ शैया भन्दा माथिका सरकारी अस्पतालहरुको व्यवस्थापन समितिको गठन संघीय र प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

६.२ प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा आयुर्वेद औषधालयको व्यवस्थापन समिति गठन देहाय बमोजिम हुनेछ ।

(क) नगर प्रमुख - संरक्षक
(ख) स्वास्थ्य संस्था रहेको वडाध्यक्ष - अध्यक्ष
(ग) समितिले मनोनित गरेको सम्बन्धित वडाको निर्वाचित महिला सदस्यहरु मध्येबाट एकजना - उपाध्यक्ष
(घ) उद्योग व्यापार संघ/संगठनको प्रतिनिधि दुईजना - सदस्य
(ङ) स्वास्थ्य संस्था नजिकको माध्यमिक विद्यालयको प्राचार्य मध्येबाट एकजना -सदस्य
(च) सम्बन्धित वडाको वडा सचिव - सदस्य
(छ) सम्बन्धित वडामा कार्यरत महिला स्वास्थ्य स्वयम् सेविका १ जना - सदस्य
(ज) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख सदस्य - सदस्य सचिव

स्वास्थ्य संस्था व्यवस्थापन समितिको संरक्षक, अध्यक्ष, र सदस्यहरुको काम, कर्तव्य र उतरदायित्व देहाय बमोजिम हुनेछ :

### ६.३ संरक्षकको काम, कर्तव्य र उतरदायित्व

(क) आफ्नो नगरपालिका क्षेत्र भित्र अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन, प्राथमिक क्षेत्र तोकी योजना तर्जुमा, कार्यन्वयन, अनुगमन तथा मुल्यांकन जस्ता कार्यहरुको लागि स्वास्थ्य शाखा लगायत स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई आवश्यक अभिभावकत्व ग्रहण गरी संरक्षक र प्रोत्साहन गर्ने ।

(ख) नगरपालिका क्षेत्रभित्रको स्वास्थ्य अवस्थाको तथ्यगत अवस्थाका बारेमा अद्यावधिक जानकारी लिने र देखिएका समस्या र सवालहरुको सम्बोधनका लागि पहल गर्ने ।

### ६.४ अध्यक्षको काम, कर्तव्य र उतरदायित्व

(क) अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन प्राथमिकता क्षेत्र तोकी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने ।
(ख) योजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन कार्यक्रमको कार्य योजना बनाई जिम्मेवार व्यक्ति तोक्ने र समय सीमा निर्धारण गर्ने ।
(ग) कार्य योजना बमोजिम पदाधिकारीहरुले कार्य सम्पादनको अनुगमन तथा मुल्यांकन गर्ने ।
(घ) स्वास्थ्य संस्थामा गुणस्तरीय सेवा प्रदान गर्ने वातावरण भए नभएको यकिन गर्ने र सोको सुनिश्चितता गर्ने ।
(ङ) कर्मचारीहरुको कामको नियमित मुल्यांकन गरी सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने र कार्य सन्तोषजनक नभएमा सचेत गराउने, चेतावनी दिने वा प्रचलित ऐन बमोजिम कारबाहीको लागि सिफारिस गर्ने ।
(च) कर्मचारीहरुलाई आवश्यकता अनुसार परिचालन गराउने ।

(छ) स्वास्थ्य सेवालाई अझ बढी प्रभावकारी बनाउन स्रोतले भ्याएसम्म स्वास्थ्य संस्थामा कर्मचारी व्यवस्थापन गर्न आवश्यक पहल गर्ने ।

(ज) समितिको वैठकमा कुनै विषयमा मत बाझिएमा निर्णायक मत दिने ।

(झ) समय समयमा कार्यालयको निरीक्षण गरी कार्यालयको नगदी, जिन्सीको लागत अद्यावधिक गराउने ।

## ६.५ उपाध्यक्षको काम, कर्तव्य र उतरदायित्व

(क) अध्यक्षले गर्ने माथिका सबै कार्यहरुको अतिरिक्त निजको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

## ६.६ सदस्यहरुको काम, कर्तव्य र उतरदायित्व

(क) आफ्नो स्वास्थ्य संस्थाको बार्षिक कार्ययोजना बनाई सम्बन्धित वडा समिति मार्फत नगर पालिकामा पेश गर्ने ।

ख) व्यवस्थापन समितिको नियमित बैठक गर्ने, स्वास्थ्य संस्थामा परेका समस्याहरुको समाधानका आवश्यक कार्यहरु गर्ने ।

ग) घुम्ती शिविरहरु संचालन गर्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

घ) संघीय, प्रदेश र नगरपालिकाले संचालन गरेका स्वास्थ्य गतिविधी तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

ङ) स्वास्थ्य संस्थाको नियमित अनुगमन तथा व्यवस्थापन गर्ने ।

च) तोकिएका अन्य कामहरु गर्ने ।

## ७. बैंक खाता संचालन

(१) हरेक स्वास्थ्य संस्थाको सरकारी स्वामित्वको बैंकमा खाता खोल्न सकिनेछ ।

(२) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन सम्बन्धित वडा सचिव र र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ । तर करारका कर्मचारी सदस्य सचिव भए नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(३) लेखा व्यवस्थापन र लेखापरिक्षण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

# भाग ३
# स्वास्थ्य संस्था स्थापना, सञ्चालन र नविकरण सम्बन्धी मापदण्ड

## ८. स्वास्थ्य सेवा परिचालन तथा अनुमति प्रक्रिया

(१) नगरपालिकाले इजाजत पत्र दिने र नबिकरण गर्ने स्वास्थ्य संस्थाहरु देहाय बमोजिमको हुनेछन्:

शिद्धार्थनगर नगरपालिका

(क) स्वास्थ्य क्लिनिक, आयुर्वेदिक क्लिनिक, सोवारिग्पा (आम्ची) क्लिनिक, होमियोप्याथिक क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरू ।

(ख) फिजियोथेरापी केन्द्र, पुनर्स्थापना केन्द्र (मनोसामाजिक), प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारीरिक व्यायाम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिक तथा सेवा केन्द्रहरु ।

(ग) जेरियाट्रिक परामर्श केन्द्र

(घ) डी र ई वर्गको प्रयोगशाला

(ङ) १५ शैयासम्मको अस्पताल

(२) स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति गर्न चाहने संस्थाले सिद्धार्थनगर नगरपालिका समक्ष देहायको विवरण र कागजातहरु सहित **अनुसूची १** बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ :

(क) स्वास्थ्य संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(ख) दर्ता नवीकरण गरेको प्रमाणको प्रतिलिपी,

(ग) कर चुक्ता गरेको प्रमाणपत्र वा प्रतिलिपी,

(घ) नवीकरणको लागि भए अनुमतिको प्रमाणपत्र,

(३) उपदफा (२) मा उल्लेख भए बमोजिम पेश भएको निवेदन सम्बन्धमा नगरपालिकाले पेश भएका सबै कागजातहरुको अनुगमन समितिबाट अनुसूची -२ बमोजिम शर्त तथा मापदण्ड पुगे नपुगेको सम्बन्धमा अध्ययन र स्थलगत अनुगमन गरी गराइ शर्त तथा मापदण्ड पूरा भएमा बढीमा तीस दिनभित्र स्वास्थ्य सेवा सञ्चालनको अनुमति दिन सक्नेछ ।

(४) अनुसूची -२ मा उल्लेखित मापदण्ड बमोजिम अनुमति दिन नसकिने भएमा सोको कारण सहितको जानकारी निवेदकलाई दिनुपर्नेछ ।

## ५. पूर्वाधार निर्माण सम्बन्धी व्यवस्था :

५.१ यस कार्यविधि बमोजिम १५ शैयाको अस्पताल स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति गरी सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार निर्माणको मनसाय पत्रको लागि अनुसूची-३ बमोजिमको ढाँचामा देहायको विवरण सहित नगरपालिका समक्ष निवेदन दिनु पर्नेछः-

(क) प्रस्तावित स्वास्थ्य संस्थाको व्यावसायिक कार्य योजना,

(ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्तता र जग्गाको पर्याप्तता,

(ग) प्रचलित वातावरण ऐन र नियमावली बमोजिम वातावरणीय परीक्षण प्रतिवेदन ।

५.२. उपदफा ५.१ मा उल्लेख भए बमोजिम निवेदन प्राप्त हुन आएमा नगरस्तरीय स्वास्थ्य व्यवस्थापन समिति आफैले अनुगमन गर्ने वा नगरपालिका कार्यालयले स्वास्थ्य तथा पूर्वाधार क्षेत्रमा कार्यरत कर्मचारीहरु, विषयविज्ञ रहेको छुट्टै समिति बनाइ अनुगमनका लागि खटाउन सक्नेछ ।

सिद्धार्थनगर नगरपालिका

५.३ अनुगमन समितिबाट उपदफा ५.१ मा उल्लिखित विवरण र स्थलगत निरीक्षण समेतको विश्लेषण गरी स्पष्ट राय सहितको प्रतिवेदन तीस कार्य दिन भित्र नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

५.४ उपदफा  ५.३ बमोजिमको प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनको आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र अनुमति प्रदान गर्ने निकायले यस कार्यविधि बमोजिम बढीमा दुई वर्षसम्मको समयावधि दिई पूर्वाधार निर्माणको लागि प्रचलित भवन निर्माण सम्बन्धी मापदण्ड पालना गर्ने गरी अनुमति प्रदान गर्न सक्नेछ । तर प्रचलित कानून बमोजिम नगरपालिकामा नक्सापास सम्बन्धी कार्यविधि पूरा गर्न यसले बाधा पुर्‍याएको मानिने छैन ।

५.५ उपदफा ५.४ बमोजिमको अवधिभित्र पूर्वाधार निर्माण गर्न नसकेको मनासिब कारण सहित समयावधि थपको लागि सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा अनुमति प्रदान गर्ने निकायले त्यस्तो अस्पताललाई बढीमा एक वर्षमा नबढ्ने गरी पूर्वाधार निर्माणको लागि समयावधि थप गर्न सक्नेछ ।

५.६ स्वास्थ्य संस्थाले पूर्वाधार निर्माण गर्दा नेपाल सरकारले जारी गरेको भवन सहिता २०७७, स्वास्थ्य पूर्वाधार  विकास मापदण्ड २०७३, स्वास्थ्य भवन पूर्वाधार डिजाइन तथा निर्माण निर्देशिका, २०७७ र अन्य प्रचलित कानूनको पालना तथा सिद्धार्थनगर नगरपालिकाको भवन निर्माणको अनुमति लिएर मात्र भवन निर्माण कार्य गर्नुपर्नेछ ।

**(६)** सञ्चालन अनुमति दिन सकिने**:** मापदण्ड बमोजिम पूर्वाधारहरुको निर्माण सम्पन्न भएपछि सो पूर्वाधार तयार भएको व्यहोरा नगरपालिकाबाट भवन निर्माण सम्पन्न प्रतिवेदन सहित सम्बन्धित स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्न अनुसूची - ४ बमोंजिम नगरपालिकामा निवेदन पेश गर्नुपर्नेछ आवश्यक कागजातहरु पूरा भएमा अनुगमन गरी अनुगमन  समितिको प्रतिवेदन र सिफारिसको आधारमा यस कार्यविधिमा उल्लिखित अन्य मापदण्ड पूरा गरेको स्वास्थ्य संस्थालाई नगरपालिकाले बढीमा दुई वर्षसम्मको लागि स्वास्थ्य सेवा सञ्चालनको अनुमति अनुसूची ५ बमोजिम दिन सक्नेछ । तर यो कार्यविधि लागु हुनु पूर्व नै निर्माण भएका पूर्वाधारहरुको अनुगमन गरी मापदण्ड पूरा भएको देखिएमा अनुमति दिन बाधा पर्नेछैन ।

(७) थप सेवा विस्तार गर्न अनुमति लिनु पर्नेः

(१) स्वास्थ्य संस्थाले आफूले सेवा सञ्चालन गर्न अनुमति पाएको सेवाका अतिरिक्त नगरपालिकाको अधिकार क्षेत्र भित्रको थप सेवा विस्तार गरी सेवा सञ्चालन गर्न चाहेमा नगरपालिका समक्ष  निवेदन दिनुपर्नेछ ।

(२) थप सेवा बिस्तारको लागी निवेदन परेमा नगरपालिकाले  यस कार्यविधिको  प्रकृया पूरा गरी सेवा विस्तार गर्न अनुमति प्रदान गर्नेछ ।

(८) पुनःअनुमति प्राप्त गर्न निवेदन दिनु पर्नेः

(१) यो कार्यविधि प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले यस कार्यविधि बमोजिमको पूर्वाधार तथा मापदण्ड कायम गर्ने प्रयोजनको लागि यो कार्यविधि प्रारम्भ भएको मितिले ६ महिनाभित्र उपदफा २ बमोजिमको विवरण सहित नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

सिद्धार्थनगर नगरपालिका

(२) पुनः अनुमतिको लागि  निवेदन प्राप्त हुन आएमा नगरपालिकाले त्यस्तो स्वास्थ्य संस्थालाई यस कार्यविधिले  निर्धारण गरेको भौतिक पूर्वाधारको मापदण्ड पूरा गर्नका लागि कार्यविधि लागु भएको मितिले एक वर्षसम्म र अन्य मापदण्ड कायम गर्नका लागि सोहि मितिले एक बर्ष सम्मको समयावधि दिन सक्नेछ ।

(३) यस कार्यविधि बमोजिम प्रकृया र मापदण्ड पूरा गरेको स्वास्थ्य संस्थालाई पुनः स्वास्थ्य संस्था सञ्चालन गर्ने अनुमति प्रदान गरिनेछ ।

(४) पुनः अनुमतिको लागि निवेदन नदिएको, निवेदन दिए पनि अनुमति नपाएको वा स्वास्थ्य संस्था सञ्चालनको निर्धारित अवधिभित्र यस कार्यविधि बमोजिमको पूर्वाधार वा मापदण्ड कायम नगर्ने स्वास्थ्य संस्थाले प्राप्त गरेको अनुमति रद्द गर्नेछ ।

९. <u>नवीकरण गराउनु पर्ने</u>

(१) यस कार्यविधि बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुनुभन्दा ३ महिना अगावै नवीकरणका लागि निवदेन दिनु पर्नेछ ।

(२) नविकरणको लागि निवेदन प्राप्त भएमा नगरपालिकाले नियम बमोजिमको दस्तुर लिई बढीमा दुई वर्षसम्मको लागि स्वास्थ्य संस्थालाई सेवा सञ्चालन अनुमतिको नवीकरण गरिदिन सक्नेछ ।

(३) माथि उल्लेखित अवधि भित्र मनासिब कारण परी निवेदन पेश गर्न नसकेको भनी कारण खुलाई थप छ महिनाभित्र निवेदन पेश गरेमा नवीकरण दस्तुरको दोब्बर दस्तुर लिई नगरपालिकाले सेवा सञ्चालन अनुमति नवीकरण गरिदिन सक्नेछ ।

(४) एक अवधिभित्र पनि नवीकरणको लागि निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमतिपत्र स्वतः खारेज हुनेछ ।

(५) यस कार्यविधि बमोजिमको मापदण्ड वा पूर्वाधार कायम नगर्ने स्वास्थ्य संस्थाको अनुमति नवीकरण नगरी सेवा सञ्चालन अनुमतिपत्र खारेज गर्न सकिनेछ ।

१०. <u>अनुगमन सम्बन्धी व्यवस्था</u>

(१) स्वास्थ्य संस्थाले आफूले प्रदान गरेका सेवाहरुको यस कार्यविधिमा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक बर्ष आफै परीक्षण गरी सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र नगरपालिकाको स्वास्थ्य शाखामा पेश गर्नु पर्नेछ ।

(२) तोकिएको अवधिभित्र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सो प्रतिवेदन पेश गर्न नगरपालिकाले निर्देशन दिन सक्नेछ ।

(३) नगरपालिकाले वस्तुगत आधारमा जुनसुकै बखत अनुगमन टोली खटाई आकस्मिक अनुगमन गर्न सक्नेछ ।

(४) आकस्मिक अनुगमन गर्दा यस कार्यविधिमा तोकिएको गुणस्तर वा पूर्वाधार पूरा नगरी सेवा सञ्चालन गरेको पाईएमा त्यस्तो संस्थालाई तत्काल सुधारका लागि बढीमा तीन महिनाको म्याद दिई सुधारको मौका दिन सकिनेछ ।

(५) यस कार्यविधि बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगर्ने र गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेश

नगर्ने स्वास्थ्य संस्थालाई नगरपालिकाले त्यस्तो स्वास्थ्य संस्थाले प्रदान गरी आएको सेवा पूर्ण वा आंशिक रुपमा तत्काल बन्द गर्न आदेश दिन सक्नेछ ।

(६) स्वास्थ्य संस्थालाई कारबाही गर्नु पूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

**११ निवेदन दिन सक्ने**

(१) यस कार्यविधि बमोजिम पेश गरेको अनुगमन प्रतिवेदन उपर चित्त नबुझ्ने स्वास्थ्य संस्थाले त्यस्तो आदेश भएको वा प्रतिवेदन पेश भएको मितिले १५ दिनभित्र चित्त नबुझ्नुको स्पष्ट आधार र कारण सहित पुनरावलोकनको लागि नगरपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(२) प्राप्त भएको निवेदन उपर सम्बन्धित निकायको प्रतिकृया समेत लिई नगरपालिकाले छानविन गरी निर्णय गर्नु पर्नेछ र सो सम्बन्धमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

**१२. स्वास्थ्य संस्था गाभिई सेवा सञ्चालन गर्न सक्ने**

(१) स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन सञ्चालनमा रहेका एक भन्दा वढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा यस कार्यविधि बमोजिमको मापदण्ड र पूर्वाधार कायम गर्ने शर्तमा सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निकाय समक्ष त्यस्ता स्वास्थ्य संस्थाहरुले संयुक्त रुपमा निवेदन दिन सक्नेछन् ।

(२) स्वास्थ्य संस्था गाभिनको लागि निवेदन परेमा प्रचलित मापदण्ड प्रक्रिया पूरा गरी स्वास्थ्य संस्था गाभिने शर्तमा अनुमति प्रदान गर्ने निकायले स्वास्थ्य संस्था गाभिई सेवा सञ्चालन गर्ने अनुमति दिन सक्नेछ ।

**१३. स्वास्थ्य संस्था सम्बन्धी मापदण्डहरू**

(१) **अस्पतालः** नगरपालिका आफैले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालकका लागि नगरपालिकाले अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।

(२) **स्वास्थ्य संस्थाः** नगरपालिकाले प्रत्येक वडामा जनसंख्याको अनुपातमा नेपाल सरकारको भौतिक पूर्वाधार मापदण्ड अनुरुप तथा कम्तीमा देहायका पूर्वाधार पूरा गरी आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गर्न सक्नेछ । हाल स्वास्थ्य सेवा केन्द्र स्थापना नभएका वडाहरुमा आवश्यकताको आधारमा क्रमशः स्वास्थ्य संस्था स्थापना गर्दै लैजान बाधा पुग्ने छैन ।

(क) जनशक्ती हे.ई.: समूह १ जना, प.हे.न. समुह १ जना, कार्यालय सहयोगी १ जना

(ख) भवन कोठाः नेपाल सरकारको आधारभूत स्वास्थ्य सेवाको भवन मापदण्ड अनुरुप भवनको व्यवस्थापन हुनेछ ।

(ग) उपकरणः आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक नेपाल सरकारको न्यूनतम सेवा मापदण्ड अनुरुप उपकरणहरु उपलब्ध हुनु पर्नेछ ।

(३) आयुर्वेद तथा बैकल्पिक चिकित्साः नगरपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाम मुलुक र बैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरु तथा अन्य निकायहरुसँगको साझेदारीमा वा नगरपालिका आफैले

कम्तीमा एउटा आयुर्वेद तथा बैकल्पिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

## १४. निजी क्षेत्रले अस्पताल सञ्चालन गर्दा आवश्यक पर्ने मापदण्डहरु

निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्नेछ । निजी क्षेत्रले अस्पताल सञ्चालन गर्दा देहायका मापदण्ड पूरा गर्नुपर्नेछ ।

(१) नगरपालिका क्षेत्रभित्र निजी क्षेत्र, ट्रष्ट, समुदायस्तर तथा लोक कल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा १५ शैयासम्मको आधारभूत अस्पताल सञ्चालनको अनुमती तथा हाल सञ्चालनमा रहेका अस्पतालहरुको सञ्चालन नविकरण नगरपालिकाले दिनेछ । नगरपालिकाले अनुमति प्रदान गर्ने १५ शैयाको आधारभूत अस्पतालले तपशिल बमोजिमको सेवा प्रदान गर्नेछ :

(क) आधारभूत स्वास्थ्य सेवा

(ख) देहाय बमोजिमको चिकित्सकीय सेवा (बहिरंग, अन्तरंग)

१. सामान्य चिकित्सा
२. सामान्य शल्यक्रिया
३. स्त्रीरोग तथा प्रसुति
४. बाल तथा शिशु सेवा
५. सामान्य दन्त सेवा

(ग) देहाय बमोजिमको आकस्मिक सेवा

१. आकस्मिक सेवा
२. आधारभूत आकस्मिक शल्यक्रिया (BEONC समेत)
३. आकस्मिक प्रयोगशाला तथा रक्त संचार सेवा
४. निदानात्मक सेवा

(घ) प्रयोगशाला सेवा

(ङ) रेडियोइमेजिंग सेवा

(च) फार्मेसी सेवा

(छ) मेडीकोलिगल सेवा

(ज) मन्त्रालयले समय समयमा तोकेको अन्य सेवा

(२) अस्पतालको पूर्वाधार सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनुपर्नेछः-

(क) अस्पताल रहने स्थान सिद्धार्थनगर नगरपालिकाले निर्धारण गरेको वातावरणीय मापदण्ड अनुरुप धुँवा, धुलो, ध्वनि, जल तथा जमिन प्रदूषणबाट मुक्त भएको हुनुपर्नेछ ।

(ख) अस्पताल स्थापना हुने स्थान सडक मार्गको सहज पहुँच भएको हुनुपर्नेछ ।

(ग) पानी, बिजुली, शौचालय र सञ्चारको सुबिधा उपलब्ध भएको हुनुपर्नेछ ।

(घ) सवारी साधन पार्किङका लागि प्रचलित कानून बमोजिम पर्याप्त व्यवस्था भएको हुनुपर्नेछ ।

सिद्धार्थनगर नगरपालिका

(ङ) जोखिमपूर्ण फोहर व्यवस्थापनका लागि उपयुक्त प्रविधिको व्यवस्था गर्नुका साथै प्रचलित कानून बमोजिम फोहर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार व्यवस्था मिलाएको हुनुपर्नेछ ।

(च) अस्पताल हाताभित्र जीउ धनको सुरक्षाको निमित्त सुरक्षाकर्मीको व्यवस्था भएको, आपत्कालीन अवस्थाको लागि तत्काल सेवा प्रदान गर्न राज्यका सुरक्षा निकायसँग समन्वय कायम गर्ने व्यवस्था मिलाएको हुनुपर्ने ।

(छ) अस्पतालको भवन निर्माण गर्दा प्रचलित कानूनले निर्धारण गरे अनुसारको तथा सिद्धार्थनगर नगरपालिकाको भवन मापदण्ड अनुरुप हुनुपर्नेछ । अस्पताल हाता भित्र सुविधायुक्त क्यान्टिनको व्यवस्था भएको हुनुपर्नेछ ।

(ज) अस्पताल सञ्चालनको लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा हुनुपर्नेछ । आफ्नो जग्गा नभएको हकमा कम्तीमा पन्ध्र बर्षका लागि जग्गा भाडा/लिजमा लिई सो जग्गामा पूर्वाधार निर्माण गरी सञ्चालनमा ल्याउन सक्नेछ ।

(झ) अस्पतालमा ह्विलचेयर तथा ट्रलिको सहज आवागमनको व्यवस्थाका लागि लिप्ट वा र्‍याम्पको व्यवस्था हुनुपर्नेछ ।

(ञ) प्रतिक्षालयमा आवश्यकतानुसार बस्ने कुर्सीको व्यवस्था हुनुपर्ने र सूचनापाटी, टेलिभिजन, पत्रपत्रिका लगायतका माध्यमबाट सूचना प्रदान गर्ने व्यवस्था हुनुपर्नेछ ।

(ट) अस्पताल भवनको कुल क्षेत्रफलप्रति शैया ५५ वर्ग मीटरका दरले हुनुपर्नेछ । उक्त क्षेत्रभित्र सोधपुछ, दर्ता कक्ष, प्रतिक्षालय, प्रवेशद्वार सहितको क्षेत्र समावेश हुनेछ ।

(ठ) आफ्नो जग्गा नभएका अस्पतालले भवन भाडामा लिई सेवा सञ्चालन गर्दा सो भवन राष्ट्रिय भवन संहिता अनुसार निर्माण भएको प्रमाणित हुनुपर्नेछ । यस कार्यविधिले तोकेको मापदण्ड र प्रचलित कानून बमोजिम भवन निर्माण मापदण्ड अनुरुप भएको तथा नगरपालिकाबाट भवन निर्माण सम्पन्न प्रतिवेदन प्राप्त हुनु पर्छ ।

(ड) प्राकृतिक प्रकोपको अवस्थामा बारुणयन्त्रको आवागमनमा सहज हुने गरी भवन निर्माण भएको हुनुपर्ने, पर्याप्त संख्यामा अग्नि नियन्त्रण यन्त्र जडान भएको हुनुपर्ने र आकस्मिक संकेतका लागि साईरनको व्यवस्था हुनुपर्नेछ ।

(ढ) सेवाग्राही र अस्पताल कर्मचारीहरूले प्रयोग गर्ने सवारी साधन र एम्बुलेन्स, दमकल जस्ता सवारी साधनका लागि पार्किङ्गको व्यवस्था हुनुपर्नेछ ।

(ण) अस्पताल भवन जेष्ठ नागरिक, बालबालिका तथा अपाङ्गमैत्री हुनुपर्नेछ ।

(३) आकस्मिक सेवाका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्नेछः

(क) आकस्मिक सेवाका लागि कम्तीमा एक कोठालाई देहाय अनुरुप क्षेत्रमा वर्गीकरण गरी सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(१) Red (R) = अति सिकिस्त बिरामीको सेवा

(२) Yellow (Y) = सिकिस्त बिरामीको सेवा,

सिद्धार्थनगर नगरपालिका

(३) Green (G) = सामान्य बिरामीको सेवा

(४) Black (B) = मृत्यु भईसकेका बिरामीलाई राख्ने

(ख) आकस्मिक कक्ष सञ्चालन गर्दा अल्ट्रासाउण्ड, एक्सरे, इमेजिङ सेवा, प्रयोगशाला, ओ.पी.डी., ओ.टी. तथा अन्य वार्डहरूमा समेत सजिलै बिरामी ल्याउन लैजान सकिने (व्हिलचेर, ट्रली, स्टेचर) गरी सञ्चालनमा ल्याएको हुनुपर्नेछ ।

(ग) आकस्मिक कक्षमा मेडिको लेगल केस जस्तैः बलात्कार पिडित आदिको लागि गोपनियता सुनिश्चित हुने समेत व्यवस्था भएको हुनुपर्नेछ ।

(घ) चौबिसै घण्टा आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनुपर्नेछ ।

(ङ) आकस्मिक विभागवाट बिरामी भर्ना गर्न, रिफर गर्ने बिरामीको रेफरल प्रकृया तथा बिरामी सार्ने पद्धति स्पष्ट रुपमा परिभाषित गरेको हुनुपर्ने पर्नेछ ।

(च) प्रकोपजन्य रोगहरु, प्राकृतिक प्रकोप जस्ता पक्षहरुलाई बिचार गरी आकस्मिक उपचार सेवाका लागि संस्थाले विपद् व्यवस्थापन योजना बनाएको हुनुपर्नेछ ।

(४) बहिरंग विभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनु पर्नेछ ।

(क) अस्पतालबाट प्रदान हुने सेवाका लागि ओ.पी.डी. कक्षको व्यवस्था मिलाएको हुनुपर्नेछ ।

(ख) बहिरंग विभागको प्रत्येक कोठाको क्षेत्रफल कम्तीमा चौध वर्गमीटर हुनुपर्नेछ ।

(ग) उपलब्ध भएका चिकित्सकहरु मध्ये सेवाग्राहीले उपलब्ध भएसम्म रोजेको चिकित्सकसँग परीक्षण गर्न पाउने व्यवस्था भएको हुनुपर्नेछ ।

(५) अन्तरंग विभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्नेछः-

(क) अस्पतालमा शल्यक्रिया पश्चात् पनि बिरामीको अवस्था स्थिर नभएसम्म उक्त शल्यक्रिया गर्ने समूह तथा शल्य चिकित्सक र एनेस्थेसियोलोजिष्ट अस्पतालमा रहिरहनु पर्ने र तत्पश्चात पनि शल्यक्रियाको प्रकृति हेरी आवश्यक परेको खण्डमा तत्काल उपलब्ध हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) नर्सिङ्ग ड्यूटी स्टेशनबाट प्रत्येक बिरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था गर्नु पर्ने र उक्त सुविधा नभएमा प्रत्येक बिरामीको शैयामा कल बेल राख्नु पर्नेछ ।

(ग) शैंया बीचको दूरीको सम्बन्धमा साधारण शैया बीचको दुरी कम्तीमा ४ फिट हुनुपर्ने र भित्ताबाट कम्तीमा एक फिटको दूरीमा शैंया राख्नु पर्नेछ ।

(घ) जनरल शैयाको हकमा ४ देखि ६ शैयाको अनुपातमा १ स्टाफ नर्स व्यवस्था हुनुपर्नेछ ।

(६) उपचार संम्वद्ध स्वास्थ्य तथा निदानात्मक सेवाका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्नेछः-

(क) प्रत्येक किसिमका परीक्षणको लागि राष्ट्रिय वा प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला मापदण्ड अनुरुपको प्रयोगशालाको व्यवस्था भएको हुनुपर्नेछ ।

(ख) रेडियो डाइग्नोसिस, अल्ट्रासाउण्ड, एक्सरे फिल्म लोडिङ, अनलोडिङ तथा प्रोसेसिङ लगायतका इमेजिङ सेवा कक्षहरू ओ.पी.डी., ओ.टी. तथा वार्डहरूलाई

समेत सजिलै बिरामी ल्याउन लैजान सकिने र्‍याम्प, (व्हीलचेयर, ट्रली, स्टेचर) गरी सञ्चालनमा ल्याएको हुनुपर्नेछ ।

(७) औषधि पसलका लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पूरा गरेको हुनुपर्नेछः

(क) अस्पताल हाताभित्र औषधि पसलको व्यवस्था नेपाल सरकारको अस्पताल फार्मेसी सेवा निर्देशिका बमोजिम गर्नुपर्नेछ ।

(ख) चौबिसै घण्टा फार्मेसी सञ्चालनका लागि फार्मेसी विषय अध्ययन गरेको दक्ष जनशक्तिको व्यवस्था हुनुपर्नेछ ।

(ग) फार्मेसी कक्षमा औषधिको गुणस्तरमा ह्रास नहुने गरी सुरक्षित भण्डारण गर्ने व्यवस्था मिलाउनु पर्ने साथै ताप संवेदनशील औषधि तथा भ्याक्सिनको भण्डारण तोकिएको तापक्रममा भण्डारण गर्नुपर्नेछ ।

(घ) उपचारमा प्रयोग गरिने लागू औषधहरु, लागू औषध (नियन्त्रण)ऐन, २०३३ बमोजिम स्वास्थ्य संस्थाले चिकित्सकको लिखित प्रेस्क्रीप्सन अनुसार मात्र वितरण गर्ने व्यवस्था मिलाएको हुनुपर्ने साथै औषधिको आम्दानी तथा वितरणको अभिलेख राख्नुपर्नेछ ।

(ङ) म्याद नाघेका औषधिहरु नियमित रुपमा नेपाल स्वास्थ्य अनुसन्धान परिषदको स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन निर्देशिकामा उल्लेख भएकोमा सोही बमोजिम र नभएको खण्डमा विश्वस्वास्थ्य संगठनको निर्देशिका बमोजिमको विधि अपनाई नष्ट गर्नुपर्ने ।

(च) आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधिहरु चौबिसै घण्टा उपलब्ध हुने व्यवस्था गर्नुपर्नेछ ।

(छ) अस्पतालले बाह्य व्यक्ति वा संस्थालाई फार्मेसी सेवा सञ्चालन गर्न दिएको अवस्थामा सो व्यक्ति वा संस्थाले पनि अस्पतालले पालना गर्नुपर्ने माथि उल्लेख भएका सम्पूर्ण शर्तहरु अनिवार्य रुपमा पालना गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ ।

(ज) औषधिको खुद्रा मूल्यमा छुटको व्यवस्था भएमा सबैले देख्ने गरी सूचना टाँस गर्नुपर्नेछ ।

(८) बिरामीको लागि आवश्यक पर्ने ब्लड उपलब्ध हुने गरी व्यवस्था मिलाइएको हुनुपर्नेछ ।

(९) अस्पतालमा रहेका बिरामी तथा अन्य सेवाग्राहीलाई असहज नहुने गरी शव व्यवस्थापन गर्नुपर्नेछ ।

(१०) अस्पताल व्यवस्थापनका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्नेछः

(क) सोधपुछ तथा गुनासो सुनुवाई : अस्पतालले प्रदान गर्ने सेवाका विषयमा सेवाग्राहीको गुनासो सुनुवाइ गर्ने उचित प्रवन्ध मिलाइएको हुनुपर्नेछ ।

ख) सूचना सम्प्रेषणः अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन कल (इन्टरकम) को व्यवस्था, आवश्यक आधुनिक संयन्त्रको समुचित प्रयोग हुनुपर्नेछ । प्रहरी, एम्बुलेन्स, दमकल जस्ता सेवा लगायतका आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राख्नु पर्नेछ ।

(११) अपरेशन थिएटर(ओ.टी.) सम्बन्धी व्यवस्था देहाय बमोजिमको पूर्वाधार पुगेको हुनुपर्नेछः

(क) सामान्य शल्यक्रिया तथा आकस्मिक सल्यक्रियाको लागि ओ.टी.को व्यवस्था भएको हुनुपर्नेछ ।

(ख) अक्सिजन आपूर्तिको नियमित व्यवस्था हुनुपर्नेछ ।

(ग) ओ. टी. वातानुकूलित गराईएको हुनुपर्नेछ ।

(घ) अत्यावश्यकीय सेवा तथा सामग्रीहरू उपलब्ध हुनुपर्नेछ ।

(ङ) ओ. टी. को बाहिर बिरामी कुरुवा बस्ने व्यवस्था हुनुपर्नेछ ।

(च) पोष्ट अपरेटिभ वार्डको व्यवस्था हुनुपर्नेछ ।

(१२) उपचार सम्बद्ध स्वास्थ्य सेवा (एलाईड हेल्थ) को पूर्वाधार देहाय बमोजिम हुनुपर्नेछ

(क) एक्सरे मेशिन जडान गर्नको लागि कम्तीमा २२५ वर्गफिटको कोठा हुनुपर्नेछ ।

(ख) एक्सरे गर्ने कोठाको वालको मोटाइ प्लास्टर अफ पेरिस सहित ९ इन्च वा ०.२ एम.एम लिड ब्यारियर सहित ६ इन्च वा २.० एम.एम लिड थिकनेस मध्ये कुनै एक हुनुपर्नेछ । साथै झ्याल, ढोका तथा भित्ताबाट विकिरणको चुहावट नहुने गरी आवश्यक व्यवस्था भएको हुनुपर्नेछ ।

(ग) एक्स-रे एक्पोज गर्ने व्यक्तिको लागि एक्सरे कोठाभित्र ०.५ एम.एमको लिडएप्रोन वा सोही बमोजिमको रेडिएसनप्रो टेक्टिभ बस्तुहरुको प्रयोग गर्ने ब्यवस्था हुनुपर्नेछ ।

(घ) माइक्रोबायोलोजी सम्बन्धी प्रयोगशाला वातानुकुलित हुनुपर्नेछ ।

(१३) अस्पतालले पूरा गर्ने न्यूनतम जनशक्ति सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनेछः

(क) प्रसूति कक्षको लेवर वेडमा एस.वी.ए. (Skill Birth Attendants) तालिम प्राप्त नर्स वा मीडवाईफको व्यवस्था हुनुपर्नेछ ।

(ख) अस्पतालमा कम्तीमा दुई तिहाई स्वास्थ्यकर्मीहरु पूर्णकालीन हुनुपर्नेछ ।

(ग) सरकारी स्वास्थ्यकर्मीहरुबाट सेवा लिनुपर्ने अवस्थामा सम्बन्धित निकायको अनुमति पत्र संलग्न राख्नु पर्नेछ ।

(घ) अस्पतालमा निम्न अनुसारको जनशक्ति हुनुपर्नेछ :

१. एमडी जि.पि./स्त्री रोग र बाल रोग विशेषज्ञ कम्तीमा १ जना
२. मेडिकल अधिकृत कम्तीमा ४ जना
३. नर्सिङ्ग अफिसर १ (बि.एन.)
४. स्टाफ नर्स कम्तीमा ५ जना
५. अनमी ५ जना
६. हे.अ. वा सि.अ.हे.ब. कम्तीमा २ जना
७. अ.हे.ब. कम्तीमा ३ जना
८. ल्याब टेक्निसियन कम्तीमा १ जना
९. ल्याब असिस्टेन्ट कम्तीमा १ जना
१०. रेडियोग्राफर कम्तीमा २ जना
११. फार्मेसी सहायक ३ जना



सिद्धार्थनगर नगरपालिका

१२. एनेस्थेसिया असिस्टेन्ट - १ जना
१३. सी.एस.एस.डी वर्कर - १ जना
१४. हाउस किपिङ्ग वर्कर - १ जना
१५. आवश्यकता अनुसार अन्य स्वास्थ्यकर्मी दन्त सहायक, ई.सी.जी. टेक्निसियन लगायत प्रशासनिक तथा लेखाका कर्मचारीहरु हुनुपर्नेछ ।

(१४) भवन तथा कोठाको मापदण्ड देहाय बमोजिम हुनेछः

(क) नाम दर्ता तथा चलानी
(ख) बहिरङ सेवा कक्ष (सेवा अनुसार)
(ग) आकस्मिक कक्ष
(घ) प्रयोगशाला कक्ष
(ङ) अन्तरङ्ग कक्ष तथा क्याबिन
(च) नर्सिङ कक्ष
(छ) प्रशासन कक्ष
(ज) डार्करुम कक्ष
(झ) ईसिजी कक्ष
(ञ) भिडियो एक्सरे कक्ष
(ट) बिरामी कुरुवा तथा भेटघाट कक्ष
(ठ) औषधी बितरण कक्ष
(ड) ड्रेसिङ्ग कक्ष
(ढ) निर्मलिकृत कक्ष
(ण) भण्डारण कक्ष
(त) महिला पुरुषको छुट्टाछुट्टै शौचालय
(थ) पार्किङ सहितको भुकम्प प्रतिरोधी मापदण्ड अनुसारको भवनको नगरपालिकाबाट नक्शा पास गरेको हुनुपर्नेछ । पार्किङ्गको लागि खाली जग्गा व्यवस्था गर्नु पर्नेछ ।
(द) अस्पतालले दिने सेवा अनुसारको कक्षहरुको व्यवस्थापन हुनु पर्नेछ ।

(१५) औजार तथा उपकरण सम्बन्धि न्यूनतम मापदण्ड देहाय बमोजिम हुनुपर्नेछ ।

(क) अस्पतालले दिने सेवा अनुसारको उपकरण औजार, फर्निचर तथा औषधी नेपाल सरकारको न्युनतम सेवा मापदण्ड बमोजिम हुनु पर्नेछ ।
(ख) बहिरंग सेवाको लागि आवश्यक औजार तथा उपकरण देहाय बमोजिम हुनुपर्नेछ ।

| S.N. | Instrument/Equipments | Required No |
|---|---|---|
| 1 | Sthetoscope | for each practitioner |
| 2 | Sphygnomanometer (non-mercury) | for each practitioner |
| 3 | Thermometer (Digital) / IR Thermometer | 2 in each table |
| 4 | Knee jerk hammer | 1 in each table |
| 5 | Otoscope | 1 in each table |
| 6 | Flash light | 1 in each table |
| 7 | Disposable wooden toungue depressor | As per need |

सिद्धार्थनगर नगरपालिका

| | | |
|---|---|---|
| 8 | Turning fork | 1 in each table |
| 9 | Duck's speculum | As per need |
| 10 | Protoscope | As per need |
| 11 | Hand sanitizer | As per need |
| 12 | Examination Gloves | As per need |

(ग) बहिरंग सेवाको लागि आवश्यक फर्निचर तथा सामाग्रीहरु देहाय बमोजिम हुनुपर्नेछ ।

| S.N. | General Items | Required No |
|---|---|---|
| 1 | Working desk | 2 |
| 2 | Working chairs | 2 |
| 3 | Patient chairs | 1 in each table |
| 4 | Examination Table | 2 |
| 5 | Curtain separator for examination beds | 1 in each table |
| 6 | Examination lamp | 2 |
| 7 | Waste bin | 4 |
| 8 | Masks | As per need |
| 9 | Shelves for paper | As per need |
| 10 | Reference books with shelf | As per need |
| 11 | Weighing Scale | Adult and Child |
| 12 | Snellen's Chart | 1 |
| 13 | Measuring Tape | 2 |
| 14 | Height Board | 1 |

(घ) आकस्मिक सेवाको लागि आवश्यक औजार तथा उपकरणहरु देहाय बमोजिम हुनुपर्नेछ ।

| SN | Instrument/Equipments | Required No |
|---|---|---|
| 1 | Suction Machine (each treatment room) | 1 |
| 2 | Suture set (Each treatment room) | 2 |
| 3 | Ambu Bag (resuscitation bag) | 2 |
| 4 | Oxygen (each treatment room) | 2 |
| 5 | ECG machine | 1 |
| 6 | BP set and sthetoscope (each treatment room) | 2 |
| 7 | IV stand | As per need |
| 8 | Otoscope Set | 1 |
| 9 | Cart(trolley) with medicine for emergency procedures | 1 |
| 10 | Intraosseous cannulation set | 1 |
| 11 | Laryngoscope set | 1 |
| 12 | Nebulizer set | 1 |
| 13 | Water-sheald drainage set | 1 |
| 14 | Wheelchair | 2 |
| 15 | Trolley | 1 |
| 16 | Strecher | 2 |
| 17 | N/G tube aspiration set | 1 |
| 18 | Enema set | 1 |
| 19 | Foot suction | 1 |
| 20 | Gastric lavage set2 | 1 |
| 21 | Oxygen tubes and mask | 2 |

| | | |
|---|---|---|
| 22 | Hard cervical collar | 3 |
| 23 | Splints | 3 |
| 24 | Arm slings | 3 |
| 25 | Pulse oximeter | 1 |
| 26 | Glucometer | 1 |
| 27 | Ear irrigation equipments | 1 |
| 28 | Nasal speculum | 1 |
| 29 | Flashlight | 2 |
| 30 | Portable light | 2 |
| 31 | Nebulizer set | 1 |
| 32 | Spinal Board | 1 |

ङ) आकस्मिक सेवाको लागि आवश्यक फर्निचर तथा सामाग्रीहरु देहाय बमोजिम हुनुपर्नेछः

| SN | General Items | Required No |
|---|---|---|
| 1 | Information board | 1 |
| 2 | Foot step | As per need |
| 3 | Medical examination Bed | 2 |
| 4 | Trauma Bed | 1 |
| 5 | Observation bed | 3 |
| 6 | Working Table | 2 |
| 7 | Chair | 4 |
| 8 | Medicine Rack | 1 |
| 9 | Supplies rack | 1 |
| 10 | Waste Bins | In each bed |
| 11 | Sharps disposal bin | As per need |
| 12 | Poisoning Chart | 1 |
| 13 | Telephone Set | 1 |
| 14 | Reffernce Books with cupboard | 1 |
| 15 | IV stand | As per need |

(च) अन्तरङ्ग सेवाको लागि आवश्यक औजार तथा उपकरणहरु देहाय बमोजिम हुनुपर्नेछः

| S.N. | General Items | Required No |
|---|---|---|
| 1 | Patient beds (metal bed, raisable head, mechanical ratchet, 3 X 6 ft.) | As per need |
| 2. | Mattress | per bed-1 |
| 3. | Pillow | per bed-1 |
| 4. | Bed cover | per bed-1 |
| 5. | Blanket | per bed-1 |
| 6. | Bed site | per bed-1 |
| 7. | Waste bins | 1 set per room |
| 8. | Stools | per bed-1 |
| 9. | Foot step | per bed-1 |
| 10. | Medicine trolley | 3 |
| 11. | Medicine tray | 3 |
| 12. | Cardex files | 25 |
| 13. | Working table | 2 |

| | | |
|---|---|---|
| | **Miscellaneous** | |
| 18. | Wall clock | 2 |
| 19. | Torch with extra batteries and bulb | 3 |
| 20. | Inpatient register | As per need |
| 21. | Inventory records | As per need |
| | **Equipment/Instruments** | |
| 22. | BP set and stethoscope (non-mercury) | 2 sets |
| 23. | Body thermometer/ IR Thermometer | 5 |
| 24 | Fetal stethoscope | 1 |
| 25. | Baby-weighing scale | 1 |
| 26. | Self-inflating bag and mask (neonatal size) | 1 set |
| 27. | Mucus extractor with suction tube | 1 |
| 28. | Suction machine | 1 |
| 29. | Oxygen supply | 2 |
| 30. | Scissors | 3 |
| 31. | Sponge forceps | 2 |

(छ) प्रयोगशाला सेवाको लागि आवश्यक औजार तथा उपकरणहरु देहाय बमोजिम हुनुपर्नेछ:

| S.N. | Instrument/Equipments | Required No |
|---|---|---|
| 1. | Microscope | 1-3 |
| 2. | Semi Auto Analyzer (biochemistry) | 1 |
| 3. | Incubator | 1 |
| 4. | Chemical balance | 1 |
| 5. | Electrolyte analyzer | 1 |
| 6. | Hot air oven | 1 |
| 7. | Refrigerator | 1-2 |
| 8. | Centrifuge | 2 |
| 9. | Counting chamber | 1-2 |
| 10. | DLC counter | 1-2 |
| 11. | Pipettes, glassware/kits | As per need |
| 12. | Computer with printer | 1 |
| 13. | Water bath | 1 |
| 14. | Disposable test tubes | As per need |

(ज) प्रसुती सेवाको लागि आवश्यक औजार तथा उपकरणहरु देहाय बमोजिम हुनुपर्नेछ:

| S.N. | General Items | Required No. |
|---|---|---|
| 1. | Delivery bed | 2 |
| 2 | . Clean bed linen | 2 |
| 3. | Curtains if more than one bed | 2 |
| 4. | Clean surface (for alternative delivery position) | 1 |
| 5. | Resuscitation table | 1 |
| 6. | Light source | 2 |
| 7. | Heat source | 1 |

| | | |
|---|---|---|
| 8. | Room thermometer | 1 |
| | Waste Management | |
| 9. | Container for sharps disposal | 1 |
| 10. | Receptacle for soiled linens | 1 |
| 11. | Bucket for soiled pads and swabs | 2 |
| 12. | Bowl and plastic bag for placenta | 2 |
| | Miscellaneous | |
| 13. | Wall clock | 1 |
| 14. | Flashlight with extra batteries and bulb | 2 |
| 15. | Logbook (maternity register) | 1 |
| 16. | Records | 1 |
| | **Equipment** | |
| 17 | BP set and stethoscope (non-mercury) | 1 |
| 18 | Body thermometer | 1 |
| 19. | Fetal stethoscope | 1 |
| 20. | Baby scale | 1 |
| 21 | Self-inflating bag air mask - neonatal size | 1 |
| 22. | Mucus extractor with suction tube | 2 |
| 23. | 23. Vacuum set 2 | 23. Vacuum set 2 |
| 24. | 24. Forceps 1 | 24. Forceps 1 |
| | **Sterile Delivery Instrument Set (check each set)** | 4 sets |
| 25. | Cord-cutting scissors | 1 |
| 26. | Artery forceps or clamp (straight 8-10 cm) | 2 |
| 27. | Gallipot (small) | 1 |
| 28. | Sponge forceps | 1 |
| 29 | Vaginal speculum (Sims) | 1 |
| 30. | Rubber sheet | 1 |
| 31 | Plain catheter | 1 |
| 32. | 32. Placenta bowel 1 | 32. Placenta bowel 1 |
| | **Suture set (Check each set) 2 sets** | **2 sets** |
| 33. | 33. Needle holder 1 | 1 |
| 34. | 34. Sponge holder 1 | 1 |
| 35. | 35. Suture cutting scissors 1 | 1 |
| 36. | Dissecting forceps (toothed and plain) | 2 |
| | **Episiotomy set (check each set)** | **2 sets** |
| 37. | Episiotomy scissor | 1 |
| 38 | Needle holder | 1 |
| 39. | Suture cutting scissor | 1 |
| 40 | Dissecting forceps(toothed and plain) | 2 |
| | **Supplies** | |
| 41 | Utility gloves | as needed |
| 42. | Sterile gloves 1 box | 1 box |
| 43. | Long plastic apron | as needed |
| 44 | Urinary catheter | as needed |
| 45 | Syringes and needles | as needed |

| | | |
|---|---|---|
| 46 | IV tubing | as needed |
| 47 | Sutures for tear or episiotomy repair | 1 box |
| 48 | Antiseptic solution (iodophors or chlorhexidine) | 1 bottle |
| 49. | Spirit (70% alcohol) | 1 bottle |
| 50. | Swabs | 1 drum |
| 51 | Bleach (chlorine-based compound) | 2 packets |
| 52. | Clean (plastic) sheet to place under the mother | 4 |
| 53. | Sanitary pads | 1 box |
| 54. | Clean towels for drying and wrapping the baby | 5 |
| 55. | Cord ties (sterile) | 1 box |
| 56. | Blanket for the baby | 5 |
| 57. | Baby-feeding cup | 3 |
| 58. | Impregnated bed net | 2 |

(झ) सामान्य चिरफार तथा ड्रेसिङ्ग सेवाको लागि आवश्यक फर्निचर तथा सामाग्रीहरु देहाय बमोजिम हुनुपर्नेछः

| S.N. | General Items | Required No |
|---|---|---|
| 1. | Treatment beds | 1 |
| 2. | Mattress, pillow | 1 |
| 3. | Working table | 1 |
| 4 | Chairs | 2 |
| 5. | Storage shelves | 1 |
| 6 | Bucket with chlorine solution | 1 |
| 7 | Bucket with soap water | 1 |
| 8. | Colored waste bins with lid | 1 set |
| 9. | Sharps disposal bin | 1 |

(ञ) ड्रेसिङ्ग सेवाको लागि आवश्यक औजार तथा उपकरणहरु देहाय बमोजिम हुनुपर्नेछः

| S.N. | General Items | Required No |
|---|---|---|
| 1. | Sterile dressing set (must be in the wrapper) | 10 |
| 2 | Sterile suture sets (must be in the the wrapper) | 3 |
| 3. | 3. Sterile suture removal set (must be in the wrapper) | 2 |
| 4. | Sterile Cheatle forceps | 1 |
| 5. | Sterile forceps jar | 1 |
| 6. | Sterile cotton balls in steel drum | 1 drum |
| 7 | Sterile gauze pieces in steel drum | 1 drum |
| 8. | Sterile gauze pads | 1 drum |
| 9. | Sterile extra instruments in separate tray | As per need |

(ट) शल्यक्रिया सेवाको लागि आवश्यक औजार तथा उपकरणहरु देहाय बमोजिम हुनुपर्नेछः

| S.N. | General Items | Required No |
|---|---|---|
| 1 | Wheelchair foldable, adult size | 1 |
| 2. | Stretcher | 1 |
| 3. | Patient trolley | 1 |
| 4. | OT table with stirrups | 1 |
| 5 | Wedge to position the patient | 1 |
| 6. | Mattresses w/ waterproof cover | 1 |
| 7. | Pillows w/ waterproof cover | 1 |
| 8. | Bedpan | 1 |
| 9. | Revolving stool | 2 |
| 10. | Foot step | 1 |
| 11. | Mayo table | 1 |
| 12. | Instrumental trolley | 2 |
| 13. | Bowl stand | 2 |
| 14 | Lamp (operating, fixed 8 lamp unit) | 1 |
| 15. | Lamp (operating, portable) | 2 |
| 16. | Emergency light | 1 |
| 17. | Flashlight | 1 |
| 18. | Wall clock that can be seen easily | 1 |
| 19. | Refrigerator/cold box | 1 |
| 20. | IV stand | 2 |
| 21. | Pump, suction, surgical, 200V, 2 bottles, w/access | 1 |
| 22. | Electrosurgical cautery | 1 |
| 23. | Cardiac monitor | 1 |
| 24. | Neonatal radiant warmer | 1 |
| 25. | Stethoscope | 1 |
| 26. | BP apparatus (non-mercury) | 1 |
| 27. | Fetoscope | 1 |
| 28. | Rectal thermometer | 1 |
| 29. | Drums for gloves | 1 |

(ठ) रेडियो इमेजिङ्ग सेवाको लागि आवश्यक उपकरणहरु देहाय बमोजिम हुनुपर्नेछः

| SN | General Items | Required No |
|---|---|---|
| 1 | X-Ray machine 300 MA | 1 |
| 2 | Ultrasound Machine (color doplor and guided biopsy) | 1 |
| 3 | ECG Machine | 1 |

(ड) निर्मलिकृतको लागि आवश्यक औजार तथा सामाग्रीहरु देहाय बमोजिम हुनुपर्नेछः

| S.N. | General Items | Required No |
|---|---|---|
| 1. | Autoclave machine | 2 |
| 2 | Working table and chair | 3 |

शिवगंगा नगरपालिका

| | | |
|---|---|---|
| 3. | Thermal indicator tape | As per need |
| 4 | Wrappers | As per need |
| 5. | Buckets | 5 |
| 6. | Scrub brush | As per need |
| 7 | Trolley for transportation | 2 |
| 8. | Steel drums | 10 |
| 9. | Storage shelves | 2 |
| 10. | Timer | 2 |
| 11 | Cap, mask, gown | As per need |
| 12 | Gloves | 1 box |
| 13. | Cotton rolls | As per need |
| 14. | Cotton gauze | As per need |
| 15. | Scissors | 2 |

**१५. स्वास्थ्य क्लिनिकको न्यूनतम मापदण्ड :**

(क) स्वास्थ्य क्लिनिक सञ्चालनका लागि देहाय बमोजिमको आवश्यक न्यूनतम भौतिक सुविधाहरु हुनुपर्नेछ :

१. बिरामीको जाँच गर्ने कोठा भन्टिलेटेड वा वातानुकुलित हुनुपर्ने र सेवा अनुसारको छुट्टाछुट्टै कोठा हुनुपर्ने (कम्तीमा १४ वर्ग मिटरको) -१
२. बिरामी बस्ने ठाउँ (कुर्ने ठाउँ) - १
३. बिरामी जाँच्ने टेबुल - १
४. स्वस्थ्यकर्मीको लागि टेबुल - १
५. स्वस्थ्यकर्मीको लागि कुर्सी - २
६. बिरामी बस्ने टुल - १
७. शौचालयको व्यवस्था - १
८. टेलिफोन - १
९. स्वास्थ्य शिक्षा सम्बन्धी सूचनामूलक पोष्टर तथा अन्य सामाग्री हुनुपर्नेछ ।
१०. पिउने पानीको आपूर्ति भएको हुनुपर्नेछ ।
११. बिरामीको सम्पूर्ण विवरण राख्नको लागि कम्प्यूटर वा रजिष्टर हुनुपर्नेछ ।
१२. क्लिनिकमा प्रयोग गरिने सम्पूर्ण औजारहरु अनिवार्यरुपमा निर्मलीकृत गर्ने व्यवस्था हुनुपर्नेछ ।
१३. क्लिनिकमा काम गर्ने अन्य व्यक्तिको शैक्षिक योग्यताको प्रमाणपत्र र सम्बन्धित परिषदमा अनिवार्य रुपमा दर्ता प्रमाण पत्र क्लिनिकमा राखेको हुनुपर्नेछ ।
१४. सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।
१५. क्लिनिकले उपलब्ध गराएको सेवा सम्बन्धी मासिक प्रतिवेदन नगरपालिकाको स्वास्थ्य शाखामा पठाउने व्यवस्था गर्नुपर्नेछ ।

(ख) स्वास्थ्य क्लिनिक संचालन गर्नको लागि आवश्यक जनशक्ति हुनुपर्नेछः

(क) प्यारामेडिक्स - १ जना
(ख) नर्सिङ - १ जना
(ग) कार्यालय सहयोगी - १ जना



सिद्धार्थनगर नगरपालिका

(ग) औजार तथा आवश्यक उपकरण

सेवा र बिषय अनुसार, नेपाल सरकारको न्यूनतम सेवा मापदण्ड बमोजिम आवश्यक औजार उपकरणहरुको व्यवस्था हुनुपर्नेछ ।

**१६. <u>फार्मेसी अनुगमन :</u>**

नगरपालिका क्षेत्रभित्र संचालित फार्मेसीहरुलाई व्यवस्थित र गुणस्तरीय बनाउनका लागि नगरपालिकाको अनुगमन समितीले अनुगमन गर्न सक्नेछ ।

**१७. <u>निजी प्रयोगशाला सेवाको न्यूनतम मापदण्ड</u> :** नगरपालिकाले समुह ई र समुह डी प्रयोगशाला सेवा सञ्चालनको लागि अनुमति दिन सक्नेछ । ई र डी समुहको प्रयोगशालाले जनस्वास्थ्य सेवा नियमावली, २०७७ ले तोके बमोजिमको सेवाहरु दिन सक्नेछन् । ल्याव असिष्टेण्टले निजी प्रयोगशाला सञ्चालन गर्न सक्ने छैनन् । प्रयोगशाला सञ्चालन सम्बन्धी शर्त र न्यूनतम मापदण्डहरु देहाय बमोजिम हुनेछन्:

(१) निजी प्रयोगशाला सेवा सञ्चालन गर्ने संस्थाले सरकारी प्रयोगशालाको स्तर अनुसारको मापदण्ड न्यूनतम रुपमा पूरा गर्नुपर्नेछ ।

(२) निजी प्रयोगशालामा सेवा प्रदान गर्ने स्वस्थ्यकर्मीले आफूले जुन उपाधी प्राप्त गरेको छ सोही उपाधीसँग सम्बन्धित सेवा मात्र सञ्चालन गर्नु पर्नेछ ।

(३) निजी प्रयोगशालामा काम गर्ने व्यक्तिले सम्बन्धित स्वास्थ्य परिषद्मा अनिवार्य रुपमा दर्ता भएको हुनुपर्नेछ र निजले दिने प्रत्येक रिपोर्ट (परीक्षण प्रतिवेदन) मा निजको नाम, शैक्षिक योग्यता एवं परिषदको दर्ता नंम्वर अनिवार्य रुपमा उल्लेख गरेको हुनुपर्नेछ ।

(४) निजी प्रयोगशालामा काम गर्ने व्यक्तिले सम्बन्धित निकायबाट सञ्चालन हुने गुणस्तर नियन्त्रण सम्बन्धी कार्यक्रममा अनिवार्य रुपमा सहभागि हुनुपर्नेछ ।

(५) निजी प्रयोगशालाले राष्ट्रिय तथा प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाबाट पठाईने गुणस्तर सम्बन्धी परीक्षण निर्देशन अनिवार्य रुपमा पालना गर्नु गराउनुपर्नेछ ।

(६) निजी प्रयोगशालामा देहाय बमोजिम भौतिक पूर्वाधारको व्यवस्था हुनुपर्नेछ:

(क) प्रत्येक कोठामा पर्याप्त प्रकाश र भेन्टिलेशनको व्यवस्था,

(ख) बिजुली र पानीको राम्रो व्यवस्था,

(ग) प्रयोगशालामा आवश्यक पर्ने टेवुल, कुर्सी लगायतका फर्निचरहरुको व्यवस्था

(घ) प्रचलित कानूनले तोकेका निजी प्रयोगशाला सञ्चालन सम्बन्धी अन्य मापदण्ड ।

(७) डी समुह र ई समुहको प्रयोगशालाको लागी आवश्यक औजार, उपकरण तथा रसायन प्रयोगशाला परीक्षणको लागि आवश्यक रसायन परीक्षण अनुसार व्यवस्थापन भएको हुनुपर्नेछ ।

सिद्धार्थनगर नगरपालिका

**इ क्याटोगोरी ल्याब (E category laboratory) लागि मापदण्ड**

इ क्याटोगोरीका ल्याब संचालनका लागि देहाय बमोजिम **Basic Equipments**, consumables, reagents/kits भएको हुनुपर्नेछ:

- Centrifuge
- Colorimeter
- Water bath
- VDRL shaker
- Hot air oven
- Incubator
- Micropipetter
- DC counter
- Refrigerator
- Power backup

**Glasswares-** Khan Tubes, petridishes, etc

**Consumables** – Disposable syringes, vacutainers, Gloves and masks

**डी क्याटोगोरी ल्याबका (D category laboratory) लागि मापदण्ड**

All **E** caregory, PLUS-

Semi-automated: Biochemistry analyzer etc

**इ समूहका प्रयोगशालाको लागि आवश्यक मापदण्ड र दिने सेवाहरु :**

(१) यो समूहमा पर्ने प्रयोगशालाहरु सरकारी स्तरमा हेल्थपोष्टमा आधारित प्रयोगशाला हुनेछ ।

(२) यस समूहमा पर्ने निजी प्रयोगशालाहरुको हकमा यस समूहको लागि सरकारी प्रयोगशालाहरुलाई तोकिए सरहकै देहाय बमोजिमको मापदण्डहरु पूरा गरेको हुनु पर्नेछ :

(क) **Space:** 150 sq. ft. or more

(ख) **Equipment/ Concumables/ reagent/ Kits:** As required to perform designated tests. Modern/ advanced technology should be adopted.

(ग) **Human Resources:** Minimum two

(घ) **Services (range of tests):** To be provided by these laboratories include:

- **Hematology:** TC, DC, hemoglobin, ESR, bloodgrouping for non-transfusion
- **Biochemistry:** Sugar, Urea, Bilirubin T & D.S. Uric Acid, Total protein, serum albumin
- **Microbiology:** Sputum AFB stain (Z-N stain)
- **Tests by RDTs:** With simple interpretation
- **Miscellaneous:** Routine urine analysis, routine stool snalysis, urine pregnancy test, Stool for reducing substances.

सिद्धार्थनगर नगरपालिका

**डी समूहका प्रयोगशालाको लागि आवश्यक मापदण्ड र दिने सेवाहरु :**

(१) यो समूहमा पर्ने प्रयोगशालाहरु सरकारी स्तरमा प्राथमिक स्वास्थ्य केन्द्रमा आधारित प्रयोगशाला हुनेछ ।

(२) यस प्रयोगशाखाबाट सामान्य प्रकृतिका परीक्षणहरु हुनेछन् ।

(३) यस समूहमा पर्ने निजी प्रयोगशालाहरुको हकमा यस समूहको लागि सरकारी प्रयोगशालाहरुलाई तोकिए सरहकै देहायका मापदण्डहरु पूरा गरेको हुनु पर्नेछ :

(क) **Space:** 250 sq. ft. or more with designated areas for sample collection, sample processing and reporting

(ख) **Equipment/Concumables/Reagent/ Kits:** As required to perform designated tests. Modern/ advanced technology should be adopted.

(ग) **Human Resources:** Minimum four, one of whome should be Lab Techonologist or above

(घ) **Services (range of tests):** To be provided by these laboratories include all the services/ tests approved for "E" category (Basic) laboratories plus the following:

- **Hematology:** RBC count, PT, APTT, Platelet count, Hematocrit, Red cell Indices
- **Biochemistry:** SGOT, SGPT, ALP, Lipid profile, Creatinine, sodium, potassium
- **Microbiology:** Gram stain and KOH mount for fungi
- **Serological tests:** RPR, Widal test, ASO Titre, RA Factor, CRP.
- **Tests by RDTs:** All
- **Miscellaneous:** Stool for occult blood, Urine ketone bodies, urobilinogen, bile salt, bile pigment, Bence Jones protein.

**१८. आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाको मापदण्ड :**

(१) आयुर्वेद क्लिनिकले प्रदान गर्ने सेवाहरु यस प्रकार हुनेछन्:

(क) आधारभूत स्वास्थ्य सेवा

१. पुर्वपञ्चकर्म (स्नेहन, स्वेदन, अभ्यङ्ग, पिण्डस्वेद, नाडी र पिचु आदि)

२. योग सेवा,

३. सतावरी (सुत्केरी आमाको लागी)

(ख) परामर्श

(ग) उपचार

(२) आयुर्वेद स्वास्थ्य क्लिनिक सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरु देहाय बमोजिम हुनुपर्नेछ :

(१) स्वास्थ्य जाँच गर्ने तथा परामर्श दिने व्यक्ति कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा पनि प्रविणता प्रमाण पत्र तह उपाधि हासिल गरी नेपाल आयुर्वेद चिकित्सा परिषद् दर्ता भएको हुनुपर्नेछ ।

(२) कुनै एक सेवा सञ्चालनका लागि आवश्यक न्यूनतम भौतिक सुविधाहरु निम्न अनुसारको हुनुपर्नेछ :-

(क) बिरामीको जाँच गर्ने भेन्टिलेटेड कोठा सेवा अनुसारको छुट्टाछुट्टै हुनुपर्नेछ (कम्तीमा १४ X १० वर्गफिट)

(ख) बिरामी बस्ने ठाउँ (कुर्ने ठाउँ)

(ग) बिरामी जाँच्ने टेवुल

(घ) चिकित्सकको लागि कुर्सी

(ङ) चिकित्सकको लागि टेबुल

(च) बिरामी बस्ने कुर्सी/टुल

(छ) बिरामी कुर्न बस्ने बेञ्चहरुको व्यवस्था

(ज) शौचालयको व्यवस्था (महिला, पुरुष)

(झ) टेलिफोन ।

(३) आवश्यक औजार उपकरणहरु निम्न अनुसारको हुनुपर्नेछः-

(क) थर्मोमिटर -१

(ख) तौल लिने मेशिन -१

(ग) उचाई नाप्ने मेशिन -१

(घ) टङ्ग डिप्रेशर (डिस्पोजेबल) - आवश्यकता अनुसार

(ङ) ब्लड प्रेशर जाँच्ने मेशिन -१

(च) स्टेथोस्कोप -१

(छ) ई.एन.टी. सेट -१

(ज) प्रोक्टोस्कोप -२

(झ) एनोरेक्टल प्रोव - आवश्यकता अनुसार

(ञ) सिरिन्ज - आवश्यकता अनुसार

(ट) टर्चलाइट-१

(ठ) पञ्जा -आवश्यकता अनुसार

(ड) मास्क, एप्रोन- आवश्यकता अनुसार

(ढ) किड्नी ट्रे-२

(ण) रङ्ग अनुसारका फोहर फाल्ने बाल्टीन-आवश्यकता अनुसार

(त) मेजरिङ्ग टेप-२

(थ) ट्युनीङ्ग फोर्क(५१० हर्जको) -१

(द) एनिमा पट-१

४. अन्य व्यवस्था (थप मापदण्ड):

(क) सेवा र बिषय अनुसारको आवश्यक औजार उपकरणहरुको व्यवस्था हुनुपर्नेछ ।

(ख) बिरामीको सम्पूर्ण विवरण राख्नको लागि एउटा रजिष्टर हुनुपर्नेछ ।

(ग) क्लिनिकमा प्रयोग गरिने सम्पूर्ण औजारहरु अनिवार्य रुपमा निर्मलिकृत गरिएको हुनुपर्नेछ ।

सिद्धार्थनगर नगरपालिका

(घ) क्लिनिकमा काम गर्ने व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्र तथा नेपाल आयुर्वेद चिकित्सा परिषद् को दर्ता नं.,सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

(ङ) मासिक प्रतिवेदन नियम अनुसार पालिकाको स्वास्थ्य शाखामा पठाउने व्यवस्था हुनुपर्नेछ ।

५. पूर्वकर्मको लागि भौतिक पूर्वाधार:

(क) अभ्यङ्ग कक्ष

(ख) स्वेदन कक्ष (ग्यास सिलिण्डर कक्ष बाहिर हुनुपर्ने)

(ग) अभ्यङ्ग टेबुल

(घ) सर्वाङ्ग स्वेदन बक्स

(ङ) नाडि स्वेदन यंत्र

(च) स्नेहन कक्ष (कम्तीमा १४ X १० वर्गफिट)=

६. आवश्यक जनशक्तिहरु: निम्नानुसार योग्यता भएका जनशक्तिहरुबाट उपरोक्त सेवाहरु सञ्चालन गर्नु पर्नेछ:

(क) पञ्चकर्म चिकित्सा सहायक: आयुर्वेद चिकित्सा प्रणालीमा प्रमाणपत्र तह वा आयुर्वेद स्वास्थ्य सहायक तह उत्तीर्ण गरी न्यूनतम ३ महिनाको पञ्चकर्म तालिम प्राप्त गरेको हुनुपर्नेछ ।

(ख) अभ्यङ्गकर्ता (महिला र पुरुष दुवै): कम्तीमा एस. ई.ई. कक्षा पढी २ वर्षसम्म आयुर्वेद चिकित्सकको मातहतमा वसी अभ्यङ्गकर्ताको रुपमा अनुभव प्राप्त गरेको ।

## १९ होमियोप्याथिक क्लिनिक सेवा स्थापना तथा सञ्चालन सम्बन्धी आधारभूत मापदण्ड

(१) होमियोप्याथिक स्वास्थ्य क्लिनिक स्वास्थ्य जाँच गर्ने तथा परामर्श दिने व्यक्ति कुनै पनि मान्यता प्राप्त शिक्षण सँस्थाबाट कम्तीमा पनि प्रविणता प्रमाण पत्र सरहको उपाधि प्राप्त गरेको हुनुपर्नेछ र सम्बन्धित व्यावसायिक परिषदमा दर्तावाल हुनुपर्नेछ ।

(२) होमियोप्याथिक स्वास्थ्य क्लिनिक भौतिक पूर्वाधारहरु निम्नानुसार हुनुपर्नेछ:-

(क) बिरामी जाँच गर्ने उपयुक्त कोठा

(ख) बिरामी कुर्ने बेञ्च र कुर्सी

(ग) बिरामी जाँच गर्ने टेबुल र स्टुल

(घ) शौचालय

(३) होमियोप्याथिक स्वास्थ्य क्लिनिकमा आवश्यक स्वास्थ्य उपकरणहरु समेत हुनुपर्नेछ

(क) स्टेथेस्कोप

(ख) बि.पी. सेट

(ग) ई.एन.टी. सेट

(घ) थर्मोमिटर

(ङ) तौलिने मेसिन

(च) उचाई नाप्ने साधन



सिद्धार्थनगर नगरपालिका

(छ) टर्च

(ज) टङ्ग डिप्रेसर

(झ) प्रोक्टोस्कोप

(ञ) गज, कटन, ब्यान्डेज

(ट) बाल्टीन, जग

(ठ) बिरामीको विवरण राख्ने रजिष्टर

(ड) क्याथेटराइजेसन सेट

(ढ) प्लास्टिकएप्रोन

(ण) ड्रेसिङ्गसेट

(त) स्टिचिङ्गसेट

(थ) मास्क

(द) क्याप

(ध) गज, कटन, ब्यान्डेज

(न) अटोक्लेब

(४) होमियोप्याथिक स्वास्थ्य क्लिनिकमा देहायका सेवा रहनेछ ।

(क) प्राम्भिक उपचार सेवा -(ड्रेसिङ्ग, स्टिचिङ्ग, साधारण घाउ चोटपटक उपचार)

(ख) परामर्श

(५) होमियोप्याथिक स्वास्थ्य क्लिनिकमा देहायका भौतिक पूर्वाधार रहनेछ ।

(क) २० X १५ साईजको भेन्टिलेशन तथा शौचालययुक्त कोठा

(ख) टेवुल र कुर्सी -२ थान

(ग) बिरामी बस्ने कुर्सी, टुल -१ थान

(घ) शौचालयमा पर्याप्त मात्रामा पानी उपलब्ध भएको

६) होमियोप्याथिक स्वास्थ्य क्लिनिकमा देहाय बमोजिम जनशक्ति हुनुपर्नेछ :

(क) स्वास्थ्यकर्मी -१ जना

(ख) स्टाफ नर्स -१ जना

(ग) कार्यालय सहयोगी -१ जना

**२०. एक्युप्रेशर/एक्कुपंचर क्लिनिक सञ्चालन सम्बन्धी आधारभूत मापदण्ड**

(१) यस सेवाका लागि जनशक्ति देहाय बमोनिम हुनुपर्नेछः

(क) कुनै विश्वविद्यालयबाट सम्बन्धित बिषयमा प्रविणता प्रमाण पत्र उतिर्ण गरेको व्यक्ति-१ जना

(ख) कुनै पनि मान्यता प्राप्त संघ संस्थाबाट एक वर्ष वा सोभन्दा बढी तालिम प्राप्त व्यक्तिहरु वा दक्ष जनशक्तिका साथमा न्यूनतम तीन वर्षसम्म अनुभव प्राप्त गरेको कुरा दक्ष जनशक्तिले प्रमाणित गरेको व्यक्ति -१ जना

(ग) कार्यालय सहायक -१ जना

(२) पूर्वाधार

क) बिरामी जाँच गर्ने कोठा

ख) टेवुल र कुर्सी -२ थान

ग)  बिरामी बस्ने कुर्सी, टुल -१ थान

घ)  शौचालयमा पर्याप्त मात्रामा पानी उपलब्ध भएको

(३)  आवश्यक उपकरणहरुः

**<u>एक्यूप्रेशर सेवाको लागि</u>**

१.  एक्यूप्रेशर जाँच गर्ने मेशिन

२.  तौल लिने मेशिन

३.  एक्यूप्रेशर गर्ने जिमका मेशिनहरु

४.  शक्ति सञ्चार गर्ने उपकरणहरु

५.  इलेक्ट्रोनिक एक्यूप्रेशर मेशिन

६.  स्पाइनल रोलर

७.  फेसियल रोलर र अन्य व्यायामका उपकरणहरु

**<u>एक्कुपंचर सेवाका लागि</u>**

१.  एक्कुपंचर निडिल

२.  मोक्सा  स्टिक

३.  कपिंग अटोक्लेभ

४.  स्थेटोस्कोप

५.  थेर्मोमिटर

६.  रेकर्ड रजिस्टर

## २१. प्राकृतिक चिकित्सा क्लिनिकका लागि मापदण्ड तथा पूर्वाधारहरु

(१)  क्लिनिक सञ्चालन गर्दा दिइने सेवाहरु प्राकृतिक चिकित्सा अन्तर्गत रहेका चिकित्सा सेवामा आधारित हुनेछन् । स्वास्थ्य जाँच गर्ने तथा परामर्श दिने व्यक्ति कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाहरुबाट कम्तीमा प्रविणता प्रमाणपत्र  सरहको प्राकृतिक चिकित्सा सम्बन्धी शैक्षिक योग्यताको प्रमाण पत्र  प्राप्त गरी सम्बन्धित परिषद्मा दर्ता भएको हुनुपर्नेछ ।

(२)  सेवा सञ्चालनका लागि आवश्यक न्युनतम भौतिक सुविधाहरु निम्नाअनुसारको हुनुपर्नेछ ।

क) विरामीबस्ने ठाउँ

ख) विरामी जाँच्ने टेवल/कोठा

ग) स्वस्थ्यकर्मिको लागि कुर्सी एवं टेवल

घ) विरामी बस्ने कुर्सी

ङ) रोलक्रम प्रतिक्षा गर्न वस्ने कुर्सी वा बेञ्च

च) शौचालय

छ) टेलिफोन (आवश्यक भए मात्र)

ज) अन्य सुविधा एवं स्तरीयता (स्वैच्छिक)

(३)  आवश्यक औजार उपकरणहरु एवं अन्य निम्नानुसारको हुनुपर्नेछ ।

क)  थर्मोमिटर-१

सिद्धार्थनगर नगरपालिका

ख) तौल एवं उचाई नाप्ने मेसिन-१

ग) ब्लडप्रेशर नाप्ने मेसिन - १

घ) स्टेथेस्कोप -१

ङ) ई.एन.टी. सेट -१

च) टर्चलाइट -१

छ) मास्क, पञ्जा, एप्रोन - आवश्यकता अनुसार

(४) सेवा र विषयअनुसार अन्य उपकरण आवश्यकता अनुसार हुनुपर्नेछ ।

सिद्धार्थनगर नगरपालिका

## भाग-४

## स्वास्थ्यकर्मी तथा सामुदायिक स्वास्थ्य स्वयम् सेविका सम्बन्धी व्यवस्था

**२२. स्वास्थ्यकर्मीको व्यवस्थापन :**

नगरपालिका भित्रका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि देहाय बमोजिम स्वास्थ्यकर्मीहरु परिचालित हुनेछन् ।

(१) स्थायी : नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) करार : स्थानीय माग र बिशिष्टताका आधारमा सेवा करारका स्वास्थ्यकर्मीहरु

(३) अभ्यासकर्ताः स्थानीय स्तरमा खुलेका अध्ययन संस्थानमा अध्ययनरत बिधार्थीहरु एवंम नगरपालिकाको छात्रबृतीमा अध्ययन गरेका बिधार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले खटाउन सक्नेछ । यस्ता अभ्यासकर्तालाई बढीमा १ बर्षका लागि खटाउन सकिनेछ ।

४. महिला स्वास्थ्य स्वयं सेविकाः प्रचलित कानून बमोजिम नियुक्त भएका महिला स्वास्थ्य स्वयंसेविकाहरु ।

**२३. सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाको व्यवस्था :**

स्वास्थ्य सेवालाई जनताको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन नगरपालिकाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु नियुक्त राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रणनीति अनुसार गर्न सक्नेछ ।

(१) महिला स्वास्थ्य स्वयमसेविकालाई नेपाल सरकार र नगरपालिकाले तोके बमोजिम सुविधा उपलब्ध गराईनेछ ।

## भाग-५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र बितरण सम्बन्धी व्यवस्था

**२४. बार्षिक खरिद योजना बनाउनु पर्ने :**

(१) स्वास्थ्य शाखाले आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुगमन र खरिद गर्नका लागि बार्षिक खरिद योजना बनाई प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत गराऊनु पर्नेछ ।

(२) बार्षिक खरिद योजना नगरपालिकाले तयार गर्नु पर्नेछ ।

**२५. औषधी तथा स्वास्थ्य उपकरण खरिद :**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिद तथा खरिद सम्बन्धी अन्य प्रक्रियाहरु प्रमुख प्रशासकिय अधिकृतसँग स्वीकृत गराउनु पर्नेछ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन तथा प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

सिद्धार्थनगर नगरपालिका

**२६. औषधी तथा स्वास्थ्य उपकरण बितरण तथा भण्डारण :**

(१) खरिद गरिएका औषधी तथा उपकरणहरुको सुरक्षित भण्डारणको व्यवस्था स्वास्थ्य शाखा र जिन्सी शाखाले मिलाउनेछ ।

(२) औषधी तथा उपकरणहरुको खरिद मागका आधारमा गरिनेछ ।

(३) विपदलाई मध्यनजर राखी औषधीको भण्डारण गरी अन्य औषधी आश्यकताको आधारमा वितरण गरिनेछ ।

(क) स्वास्थ्य संस्थाले प्रत्येक चौमासिक रुपमा प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(ख) स्वास्थ्य संस्थाको त्रैमासिक प्रतिवेदनको आधारमा त्रैमासिक प्रतिवेदन प्राप्त भएको १५ दिन भित्रमा नगरपालिकाबाट स्वास्थ्य संस्थाहरुमा औषधीको बितरणको व्यवस्था गरिनेछ ।

(ग) खोप तथा खोपजन्य सामाग्री र परिवार नियोजनका साधनहरुको आपुर्ती संघीय तथा प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

## भाग-६

## स्वास्थ्य सेवाको न्युनतम मुल्य र गुणस्तर सुधार सम्बन्धी ब्यबस्था

**२७. स्वास्थ्य सेवाको न्यूनतम मुल्य र गुणस्तर तोक्न सक्ने :**

(१) नगरपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्सकिय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मुल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ ।

(२) सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाहरुको बार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मुल्यांकन कार्यक्रम संचालन गरिनेछ ।

(३) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारुहरुको प्रभावकारी परिचालनका लागि समय सापेक्ष अभिमुखिकरणको व्यवस्था नगरपालिकाबाट गरिनेछ ।

**२८. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा ब्यबस्थापन :**

(१) नगरपालिकाले संघीय तथा प्रदेश नीति अनुसार स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आबश्यक सहजिकरण, बिभिन्न अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ ।

(२) लक्षित समुहको लागि दिईने स्वास्थ्य सेवा सुबिधा तथा प्रक्रिया नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ । उक्त सुबिधा लिनको लागि  बिरामीहरुलाई नगर कार्यपालिकाले शिफारिश तथा मापदण्ड बनाई आर्थिक सहयोग गर्नेछ ।

# भाग-७

## माहामारी रोकथाम, फोहरमैला व्यवस्थापन सम्बन्धी व्यबस्था

**२९. रोग तथा रोगीहरुको अभिलेख :**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सोको जानकारी नजिकको महिला स्वास्थ्य स्वयम् सेविकालाई वा नजिकको स्वास्थ्य संस्थामा गराउनु पर्नेछ ।

(२) स्थानीय स्वास्थ्य संस्थाहरुले सरुवा रोगको जानकारी तुरुन्तै छिटो माध्यमद्वारा नगरपालिकामा जानकारी गराउनु पर्नेछ ।

(३) स्वास्थ्य संस्थाहरुले समुदायबाट प्राप्त अभिलेखको मासिक रुपमा नगरपालिकाको स्वास्थ्य व्यवस्थापन सुचना प्रणालीमा दाखिला गर्नु पर्नेछ ।

**३०. माहामारी रोकथाम तथा नियन्त्रण अभियान :**

(१) नगरपालिकामा माहामारी रोकथाम तथा नियन्त्रणका लागि नगरपालिकास्तरीय जनस्वास्थ्य आपतकालीन उपसमिति र नगर रेपिड रेसपोन्स टिमको गठन गरिनेछ ।

(२) माहामारीबाट थप क्षती हुन नदिन आबश्यक शतर्कता अपनाउने, आपतकालीन उपचारका लागि सरकारी, गैर सरकारी, निजी, सहकारी तथा अन्य स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था नगरपालिकाले गर्नसक्नेछ । स्रोत साधनको परिचालन नगरपालिकाले गर्न सक्नेछ ।

(३) संक्रामक रोगको महामारी, किट, सुक्ष्म जीवाणु आतंक, आकस्मिक वा अप्रत्यासित कारणबाट विपदको अवस्था सिर्जना भएमा जन स्वास्थ्य ऐनको दफा ४८ बमोजिम नगरपालिकाले आवश्यक आदेश जारी गरी जनस्वास्थ्य विपद् अवस्था घोषणा गर्न सक्नेछ । जनस्वास्थ्य विपद् अवस्था घोषणा भएमा नगरपालिकाले सरकारी, गैर सरकारी, निजी, सहकारी तथा अन्य स्वास्थ्य संस्थालाई आवश्यक निर्देशन दिन, संचालन गर्न, कार्यरत स्वास्थ्यकर्मीलाई परिचालन गर्न वा त्यस्तो स्वास्थ्य संस्थालाई नियन्त्रणमा लिई संचालन गर्न वा गराउन सक्नेछ । माहामारीको समयमा स्थानीय बिद्यालयहरु बिदा गराउने, अस्थायी बसोबास, मेलाहरु बन्द गराउने तथा माहामारी क्षेत्रमा भ्रमणमा निषेध गर्न सक्नेछ ।

(४) माहामारीको समयमा कुनै पनि स्वास्थ्यकर्मीहरुलाई किरिया बिदा, प्रसुति बिदा, प्रसुति स्याहार बिदा बाहेक अन्य बिदा दिईने छैन ।

**३१. सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन :**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ बिक्रि बितरणका लागि नगरपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ ।

(क) गर्भवती महिला, १८ बर्ष मुनिका बालबालिकाले सुर्ती तथा मदिराजन्य पदार्थ खरिद, बिक्रि बितरण तथा ओसार पसार गर्न पाईनेछैन ।

(ख) गर्भवती महिला, १८ बर्ष मुनिका बालबालिकाले सुर्ती तथा मदिराजन्य पदार्थ खरिद, बिक्रिबितरण तथा ओसार पसार गरेको अबस्थामा प्रचलित कानून  बमोजिम दण्ड तथा जरिवाना गरिनेछ ।

(ग) सार्वजनिक स्थानमा सुर्ती तथा मदिराजन्य पदार्थ सेवन गरेमा प्रचलित कानून  बमोजिम दण्ड तथा जरिवाना गरिनेछ ।

(घ) खाद्य पदार्थ बिक्रि  बितरण गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्रि गर्न पाईनेछैन ।

(ङ) सुर्ती, मदिरा जन्य बस्तुको बिक्रिबितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित क्षेत्र तोकिएको छ । जस अन्तर्गत शैक्षिक संस्थाहरु, सार्बजनिक कार्यालयहरु, हाटबजार, होटल तथा रेष्टुरेन्ट प्रतिक्षालय, सार्वजनिक यातायात आदिलाई बुझिनेछ ।

(च) शैक्षिक संस्थाहरु, सार्वजनिक कार्यालयहरुको कम्तीमा १०० मिटरको बरिपरिको दूरीमा सुर्ती, मदिरा जन्य बस्तुको बिक्रि बितरण पाईनेछैन ।

(छ) होटल तथा रेष्टुरेन्टहरुमा छुट्टै स्मोकिङ जोन छुट्टाएर सुर्तीजन्य बस्तुको सेवन गर्नका लागि वयस्कलाई मात्र ब्यवस्था गर्न सकिनेछ ।

(ज) यसको थप व्यवस्थापनका लागि सम्बन्धित संघीय र प्रदेश कानूनले निर्धारण गरेका कानूनी प्रावधानहरुको पालना गरिनेछ ।

**३२. <u>सरसफाई सम्बन्धी ब्यबस्थापन</u> :**

(१) अस्पतालजन्य फोहरको बिसर्जन स्वास्थ्य संस्थाहरुले अनिबार्य रुपमा नेपाल सरकारको निर्देशिका बमोजिम गर्नु पर्नेछ। अस्पतालजन्य फोहर बिसर्जनको बैज्ञानिक ब्यबस्था नगर्ने स्वास्थ्य संस्थाहरुलाई सचेत गराउने, जरिवाना गर्ने तथा सो पश्चात् तोकिएको समयभित्र मापदण्ड अनुसार सुधार नभएको खण्डमा अनुगमन समितिले कार्यपालिकामा खारेजका लागि सिफारिस गरी कार्यपालिकाले अनुमति खारेज गर्न सक्नेछ ।

## भाग ८

## विविध

**३३. <u>निजि मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल संञ्चालनका लागि सिफारिस</u> :**

(क) राष्ट्रिय र प्रदेश मापदण्ड अनुरुप निजि स्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान अस्पताल स्थापनाका लागि सम्बन्धित वडाको सिफारिसमा नगरपालिकाबाट सिफारिस लिनु पर्नेछ ।

(ख) उपदफा १ बमोजिमको सिफारिस माग गर्दा वातारणिय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(ग) सिफारिसका लागि नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिमको राजश्व बुझाउनु पर्नेछ ।

**३४. राष्ट्रिय अभियानहरु संचालन :**

स्वास्थ्य सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पूरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गर्ने अभियानको नगरपालिका स्वास्थ्य शाखाले समन्वयमा संचालन गर्नेछ ।

**३५. गैर सरकारी संस्था संचालन :**

(क) सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्र स्वास्थ्य सेवा सम्बन्धी गतिबिधीहरु संचालन गर्ने गैर सरकारी संस्थाहरुले नगरपालिकामा तथा वडा कार्यालयमा संस्था सुचिकृत गराई नगरपालिकाबाट कार्यक्रम स्वीकृत गराई कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(ख) सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्र स्वास्थ्य सेवा सम्बन्धी गतिबिधीहरु संचालन गर्ने गैर सरकारी संस्थाहरुले नगरपालिकाको आर्थिक ऐन अनुसार हुने गरी बार्षिक रुपमा नगरसभाबाट आफ्नो संस्थाको अनुमानित बजेटको अनुमोदन गर्नु पर्नेछ ।

**३६. प्रेषण गर्नु पर्ने :** स्वास्थ्य संस्थामा आएका बिरामीलाई आवश्यक सबै उपचार प्रदान गर्न नसकिने अवस्था भएमा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध भएसम्मको उपचार तत्काल प्रदान गरी थप उपचारको लागि त्यस्तो उपचार प्राप्त हुन सक्ने स्वास्थ्य संस्थामा उपचार पद्दति खुलाइएको प्रेषण पूर्जा सहित तत्काल प्रेषण गर्नु पर्नेछ ।

**३७. सुसूचित सहमति लिनुपर्ने सेवाहरुः** स्वास्थ्य संस्थाले अनुसूची-६ मा उल्लेख भए बमोजिमको सेवाहरु उपलब्ध गराउँदा सेवाग्राहीको सुसूचित सहमति लिनुपर्नेछ । सो सहमति लिँदा बिरामीलाई गरिने उपचार र सोको पद्दतिको बारेमा जानकारी गराउनु पर्नेछ ।

**३८. डिस्चार्ज (बहिर्गमन) सारांशः** स्वास्थ्य संस्थाले आफ्नो संस्थामा भर्ना भई उपचार गराई रहेका बिरामीलाई डिस्चार्ज गर्दा अनुसूची-७ बमोजिमको डिस्चार्ज (बहिर्गमन) सारांश दिनु पर्नेछ ।

**३९. दस्तुर (शुल्क) सम्बन्धी व्यवस्थाः** स्वास्थ्य संस्था स्थापना, नवीकरण वा स्तरोन्नती गर्नको लागि अनुसूची-८ मा उल्लेख भए बमोजिमको दस्तुर बुझाउन पर्नेछ ।

४०. स्वास्थ्य संस्थाले आफ्नो संस्थामा भएको जन्म तथा मृत्यको घटना विवरण प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा स्थानीय पञ्जिकाधिकारीलाई मासिक रुपमा प्रतिवेदन दिनु पर्नेछ ।

४१. कुनै पनि स्वास्थ्य संस्थाले सेवा प्रदायक ब्यक्तिको नाममा सार्वजनिक संचार माध्यममा प्रचार प्रसार गर्न पाईने छैन ।

**४२. सञ्चालन अनुमति खारेज गर्न सक्नेः**

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा नगरपालिकाले स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमति जुनसुकै बेला खारेज गर्न सक्नेछः

(क) नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएको गुणस्तर वा पूर्वाधार पूरा नगरी स्वास्थ्य सेवा सञ्चालन गरेको पाईएमा ।

(ख) वातावरणीय प्रभाव मूल्यांकनमा उल्लिखित शर्तहरु पालना नगरेमा ।

(ग) अस्पतालले प्रदान गरेको सेवाको प्रतिवेदन मासिक रुपमा सम्बन्धित निकायमा पेश नगरेमा ।

(घ) स्वास्थ्य संस्थाबाट सिर्जित चिकित्साजन्य फोहरमैलाको उचित व्यवस्थापन नगरेमा ।

(ङ) मन्त्रालय, प्रदेश वा नगरपालिकाले दिएको निर्देशनको पटक पटक उल्लंघन गरेमा ।

(च) भवन संहिता तथा भवन निर्माण मापदण्ड अनुरुप भवन निर्माण नभएको वा पुरानो भवनको हकमा तोकिएको समयभित्र भूकम्पीय दृष्टिकोणले भवन प्रबलीकरण नगरेमा ।

(छ) स्वास्थ्य संस्थाले संस्था सञ्चालन गर्न नसक्ने जनाई सञ्चालन अनुमति खारेजीका लागि निवेदन दिएमा ।

**४३. स्वास्थ्य संस्थाको स्वामित्व हस्तान्तरण :**

(१) कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भई स्वास्थ्य सेवा सञ्चालनको अनुमति प्राप्त गरेको स्वास्थ्य संस्था अन्य व्यक्ति वा संस्थालाई सञ्चालन गर्न अनुमति प्रदान गरिने छैन ।

(२) कुनै व्यक्तिको स्वामित्वमा रहेको निजी स्वास्थ्य संस्था अन्य व्यक्तिलाई स्वामित्व हस्तान्तरण गर्दा नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(३) नियम बमोजिम निवेदन परेमा नगरपालिकाले  स्वास्थ्य संस्थाको अनुगमन र निरीक्षण गराई यस कार्यविधिले तोकेको मापदण्ड बमोजिम स्वास्थ्य संस्था सञ्चालन हुन सक्ने सुनिश्चित गरेर मात्र स्वामित्व परिवर्तनको लागि अनुमति दिनेछ ।

(४) कुनै संगठित संस्थाको स्वामित्वमा रहेको स्वास्थ्य संस्थाको अनुमति हस्तान्तरण हुने छैन् तर सो संगठित संस्थाको स्वामित्व परिवर्तन भएमा संस्थालाई प्रदान गरिएको अनुमति कायम नै रहनेछ ।

**४४. सहुलियत र छुटको ब्यबस्था गर्नुपर्ने**

निजी लगानी र ट्रष्ट मार्फत संचालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परीक्षण तथा उपचारमा लाग्ने शुल्क नगरपालिका वा वडा कार्यालयको सिफारिसमा कम्तिमा १० प्रतिशत बिपन्न, अपाङ्ग, एकल महिला, जेष्ठ नागरिकलाई छुट वा मिनाहा दिन सक्नेछ ।

**४५. मापदण्ड बनाउने अधिकार**

यस कार्यविधिको कार्यान्वयनका लागि नगर कार्यपालिकाले आबश्यक थप निर्देशिका, मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

**४६. पुनरावेदन**

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून  बमोजिम पुनराबेदन लाग्नेछ ।

**४७. बाधा अडकाउ फुकाउने अधिकार**

यस कार्यविधीको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा नगर कार्यपालिकाले बाधा अडकाउ फुकाउनेछ ।

**४८. खारेजी, बचाउ र लागु नहुने**

(१) यस कार्यबिधीमा लेखिएको यसै बमोजिम र नलेखिएकोमा प्रचलित कानून  बमोजिम हुनेछ ।

(२) यस कार्यविधिका दफा तथा उपदफाहरु संघीय र प्रदेश सरकारका प्रचलित कानून बमोजिम बाझिएमा बाझिएको हकमा स्वत: खारेज हुनेछ ।

सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिका कार्यालय

**अनुसूची-१**

(दफा ८(२) संग सम्बन्धीत)

स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नतिका लागि अनुमति प्राप्त गर्न दिने निवेदनको ढाँचा

श्री सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही

निम्न अनुसारको प्रस्तावित स्वास्थ्य संस्थाको स्थापना, सेवा बिस्तार वा स्तरोन्नतिका लागि संचालन स्वीकृतको लागि देहाय अनुसार कागजात सहित निवेदन फारम पेश गरेको छु/छौ ।

.........................................................................

कार्यकारी अधिकृत/संचालन समितिको तर्फबाट

१ स्वास्थ्य संस्थाको नामः

२ स्वास्थ्य संस्थाले दिने सेवा के हो उल्लेख गर्ने :

३ स्वास्थ्य संस्थाको ठेगाना /पत्राचार गर्ने ठेगानाः
प्रदेश जिल्ला
नगरपालिका वाड न टोल
टेलिफोन न :

४ शैया संख्या :

**५ संस्थाका संचालक ब्यक्तिहरु :**

| क्र.स | नाम, थर | ठेगाना | नागरिकता प्र.प.नं.. | मोबाईल नं. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सिद्धार्थनगर नगरपालिका

**६. संस्थाको वित्तीय स्रोत**

क. निजी

ख. शेयर कर्जा

ग. सरकारी

घ. गैर सरकारी संस्थाबाट कर्जा लिई संचालन गर्ने भए सो उल्लेख गर्ने :

वित्तीय लगानी (लागत) रु

क .भवन तथा जग्गाका लागी

ख. औजार तथा उपकरण

ग. जनशक्ति -

घ. अनुमानित मुनाफा

मासिक मुनाफा त्रैमासिक बार्षिक

**७. स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाहरुको विवरण कुन कुन सेवा पुर्याउने हो ?**

| **निदानात्मक सेवा** | **प्रतिकारात्मक सेवा** | **उपचारात्मक सेवा** | **अन्य सेवा** |
|---|---|---|---|
| एक्सरे | खोप | प्रसुति तथा स्त्रीरोग | मातृशिशु स्वास्थ्य |
| क्लिनिक | | | |
| प्याथोलोजी ल्याव | आहार बिहार | जनरल मेडिसिन | परिवार नियोजन |
| अल्ट्रासाउन्ड | | जनरल सर्जरी | |
| | | विशेषज्ञ सेवाहरु | |

थप सेवा भए उल्लेख गर्ने

**८. संस्थामा प्रयोग हुने आवश्यक मुख्य उपकरणहरुको विवरण तथा स्रोत**

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

(छ)

(ज)

(झ)

सिद्धार्थनगर नगरपालिका

### ९. संस्थामा सेवा पुर्याउने कर्मचारीहरुको बिवरण

| नाम थर | पद | शैक्षिक योग्यता | सेवाको प्रकार |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**नोटः**

(१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भए पश्चात मात्र सेवा संचालन गर्न पाईनेछ ।

(२) उपर्युक्त बमोजिम के कति कर्मचारीहरुको संस्थामा संलग्न हुने हो सो स्पष्ट उल्लेख हुनुपर्ने ।

(३) सबै शुल्क बिवरण बिस्तृत रुपमा उल्लेख हुनुपर्नेछ ।

(४) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरु सम्बन्धित व्यवसायिक परिषदमा दर्ता भएको हुनुपर्ने, सम्बन्धित परिषद्को प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(५) कर्मचारीहरुको योग्यताको प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मञ्जुरीनामा समेत संलग्न हुनुपर्नेछ ।

(६) सरकारी सेवामा कार्यरत कर्मचारीहरू संलग्न हुने भएमा प्रचलित ऐन अनुसारको स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ ।

सिद्धार्थनगर नगरपालिका

## अनुसूची-२
## (दफा ८ को उपदफा ३ र ४ संग सम्बन्धीत)
## स्वास्थ्य सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्थाले पूरा गर्नुपर्ने अन्य मापदण्डहरु

(क) स्वास्थ्य संस्थामा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण नियन्त्रणको व्यवस्था हुनु पर्नेछ र सोको नियमित र प्रभावकारी अनुगमन गर्नु पर्नेछ।

(ख) स्वास्थ्य संस्थाले विभिन्न इकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरुस्तरीय रुपमा सञ्चालन गर्न कार्य सञ्चालन निर्देशिका तयार गरी लागु गर्नु पर्नेछ।

(ग) बहिरंग विभागमा आउने विरामीको चापका आधारमा विरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ।

(घ) स्वास्थ्य संस्थाले बहिरंग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार खुल्ने गरी) सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ।

(ङ) विरामी आफुले सेवा लिन चाहेको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ।

(च) विरामी वा विरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था गर्नु पर्नेछ।

(छ) अस्पताल परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफा सुग्घर राख्नु पर्नेछ।

(ज) स्वास्थ्य संस्थामा सबैले देख्ने स्थानमा उजुरी पेटिका राख्नु पर्नेछ।

(झ) स्वास्थ्य संस्थाले जनगुनासो व्यवस्थापन गर्ने, जनगुनासो पर्न आएको उजुरी समाधान गर्ने व्यवस्था मिलाउनुका साथै समाधान हुन नसक्ने गुनासो भएमा सोको कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ।

(ञ) सेवाग्राहीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रकृया तथा अवधि समेत खुलाएको सेवाग्राही वडा पत्र अस्पतालको अग्र भागमा देखिने गरी राखी सोही अनुरुप सेवाको सुनिश्चितता गर्नु पर्नेछ।

(ट) अस्पतालमा आउने विरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गर्नु पर्नेछ।

(ठ) सेवा प्रदायक चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धको खोप तथा व्यक्तिगत सुरक्षा उपायको व्यवस्था गर्नु पर्नेछ।

(ड) स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी विनियम बनाई कार्यान्वयन गर्नु पर्नेछ।

सिद्धार्थनगर नगरपालिका

(ढ) स्वास्थ्य संस्थाले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकार तथा प्रदेश सरकारले तोकेको प्रोटोकल/मापदण्ड/निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनु पर्नेछ ।

(ण) अस्पतालले चौबिसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(त) अस्पतालमा रहेको आकस्मिक शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गर्नु पर्नेछ ।

(थ) आकस्मिक विभागबाट विरामी भर्ना गर्न, रिफर गर्ने विरामीको रेफरल प्रकृया र विरामी सार्ने पद्धति स्पष्ट परिभाषित गर्नु पर्नेछ ।

(द) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे विरामीका लागि कुल शैयाको दश प्रतिशत शैया छुट्याई अनिवार्य रुपमा निःशुल्क उपचार उपलब्ध गराउनु पर्नेछ ।

(ध) स्वास्थ्य संस्थाबाट विपन्न सेवा पाएका नागरिकहरुको विवरण मासिक रुपमा अस्पताल हाताभित्र सबैले देख्ने गरी प्रकाशन गर्ने व्यवस्था मिलाई सार्वजनिक गर्नु पर्नेछ ।

(न) स्वास्थ्य संस्था सञ्चालन गरिने भवन र अन्य पूर्वाधार राष्ट्रिय भवन संहिता र सिद्धार्थनगर नगरपालिकाको भवन निर्माण सम्बन्धी मापदण्ड अनुरुप हुनु पर्नेछ ।

(प) अस्पतालले विपद् व्यवस्थापनको कार्ययोजना बनाई सो कार्यको लागि सम्पर्क व्यक्ति तोकी सोको जानकारी स्वास्थ्य शाखालाई दिनु पर्नेछ ।

सिद्धार्थनगर नगरपालिका

सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिका कार्यालय

**अनुसूची-३**
(दफा ८ को (उपदफा ५.१ संग सम्बन्धीत)

# स्वास्थ्य संस्थाको पूर्वाधार स्वीकृतको मनसाय पत्रका लागि निवेदनको ढाँचा

श्री सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर रुपन्देही

निम्न अनुसारको प्रस्तावित स्वास्थ्य संस्थाको पूर्वाधार स्वीकृतको मनसाय पत्रका लागि देहाय अनुसार कागजात सहित निवेदन फारम पेश गरेको छु/छौं ।

कार्यकारी अधिकृत/सञ्चालन समितिको तर्फबाट
...............................

१. स्वास्थ्य संस्थाको नाम :
२. स्वास्थ्य संस्थाले दिने सेवा के हो उल्लेख गर्ने :

३. स्वास्थ्य संस्थाको ठेगाना/पत्राचार गर्ने ठेगाना :
प्रदेश : जिल्ला :
नगरपालिका : वडा नं. : टोल :
टेलिफोन नं. :
४. सञ्चालनकहरु (५ प्रतिशत भन्दा बढी शेयर धारण गर्नेहरूको मात्र) :

| क्र. सं. | नाम, थर | ठेगाना | नागरिकता प्र.प.नं. | मोबाईल नं.. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

५. स्वास्थ्य संस्थाको लागि आवश्यक जग्गा र स्वामित्वको

(क) जग्गाको कित्ता क्षेत्रफल र स्वामित्वको प्रकार
(ख) लिजमा भए कबुलियतनामा पेश गर्ने

६. स्वास्थ्य संस्थाको वित्तीय श्रोत :-

(क) निजी लगानी (ख) बैंक कर्जा (ग) सरकारी (घ) अनुदान सहयोग
(ङ) गैरसरकारी संस्थाबाट कर्जा लिई सञ्चालन गर्ने भए सोको विवरण (च) अन्य

सिद्धार्थनगर नगरपालिका

**वित्तीय लगानी/स्थीर पूँजी लागत रु.**

(क) भवन तथा जग्गाको लागि रु. ..............................
(ख) औजार तथा उपकरणको लागि रु. ..........................

(ग) वित्तीय लगानी, चालु पूँजी लागत रु. ............................
(घ) रोजगार संख्या :
(ङ) अनुमानित आम्दानी रु. ................................
(च) अनुमानित मुनाफा रु. .................................
मासिक रु. ...................................
त्रैमासिक रु. ................................
बार्षिक रु. ..................................

९. देहायका विषयहरु समेत समावेश भएको व्यवसायिक कार्ययोजना

(क) स्वीकृत संस्थाबाट प्रदान गर्ने सेवाहरुको विवरण

| | | |
|---|---|---|
| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा |
| एक्सरे | खोप | प्रसूति तथा स्त्री रोग |
| अल्ट्रासाउण्ड | गर्भवती, सुत्केरी जाँच | जनरल मेडिसिन |
| इण्डोस्कोपी | परिवार नियोजन | जनरल सर्जिकल |
| प्रयोगशाला सेवा | एच.आई.भि./एड्स | विशेषज्ञ सेवाहरु/उल्लेख गर्ने |

(अन्य भए उल्लेख गर्ने)

(ख) संस्थामा प्रयोग हुने आवश्यक उपकरणहरुको विवरण संलग्न गर्ने
१ ................................................
२ ...............................................
३ ...............................................
४ .................................................

(ग) संस्थामा सेवा पुऱ्याउनका लागि आवश्यक जनशक्तिको विवरण संलग्न गर्ने

| नाम, थर | पद | शैक्षिक योग्यता | सेवाको प्रकार |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

**नोटः**
(१) संस्थामा काम गर्ने प्राबिधिक कर्मचारीहरु सम्बन्धित ब्यवसायिक परिषदमा दर्ता भएको हुनु पर्नेछ। सम्बन्धित ब्यवसायिक परिषदका दर्ता प्रमाण-पत्र अनिवार्यरुपमा पेश गर्नुपर्नेछ।
(२) कर्मचारीहरुका योग्यताका प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्नेछ।
(३) सरकारी सेवामा कार्यरत कर्मचारीहरू संलग्न हुने भएमा प्रचलित ऐन अनुसारको स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ।

सिद्धार्थनगर नगरपालिका

सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिका कार्यालय

**अनुसूची-४**

**दफा ८ के ६ संग सम्बन्धित**

**स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको लागि दिने निवेदनको ढाँचा**

श्री.............................................

............................................................ ।

निम्नानुसार प्रस्तावित स्वास्थ्य सेवा सञ्चालन अनुमतिको लागि देहाय अनुसार विवरण र कागजात सहित निवेदन पेश गरेको छु/ गरेका छौं ।

कार्यकारी अधिकृत/सञ्चालन समितिको तर्फबाट

..................................................................

**विवरणः**

१. संस्थाको नामः

२. साधारण सेवा कुन हो उल्लेख गर्नेः

३. संस्थाको ठेगाना (पत्राचार गर्ने ठेगाना)

प्रदेशः जिल्लाः

न.पा. वडा नं.: टोलः

ब्लक नं.: टेलिफोनः मोबाइल नं.

ईमेल ठेगानाः वेभसाइडः

४. शैया संख्याः



सिद्धार्थनगर नगरपालिका

५. संस्था खोल्ने व्यक्तिहरुः

नामः ठेगानाः

नागरिकता नं. मोबाइल नं. फोन नं.

ईमेल ठेगानाः

६. संस्थाको वित्तीय स्रोतः

क. निजी

ख. शेयर कर्जा

ग. सरकारी

घ. गैर सरकारी संस्थाबाट कर्जा लिई सञ्चालन गर्ने भए सो उल्लेख गर्नेः

वित्तीय लगानीः (लागत) रु.

१ भवन तथा जग्गाको लागिः

२ औजार उपकरणः

३ जनशक्तिः

४ अनुमानित आम्दानीः

५ अचल सम्पत्तिको स्रोतः

६ अनुमानित मुनाफाः

मासिकः

त्रैमासिकः

वार्षिकः

७. प्राइभेट अस्पतालको वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरुको विवरण कुन–कुन सेवा पुर्याउने हो? खुलाउने

सिद्धार्थनगर नगरपालिका

| **निदानात्मक सेवा** | **प्रतिकारात्मक सेवा** | **उपचारात्मक सेवा** |
|---|---|---|
| एक्स–रे | खोप | प्रसूति तथा स्त्री रोग |
| अल्ट्रासाउण्ड | गर्भवती, सुत्केरी जाँच | सामान्य चिकित्सा |
| इन्डोस्कोपी | परिवार नियोजन | सामान्य सल्यक्रिया |
| प्रयोगशाला | ................ | बाल रोग तथा शिशु सेवा |
| मेडिकोलिगल सेवा | ................ | सामान्य दाँत सेवा |
| ................ | ................ | आकष्मिक सेवा |
| ................ | ..................... | आधारभूत आकस्मिक सल्यक्रिया (BEONC ) समेत |
| ................ | .................... | रक्त संचार सेवा |
| अन्य भए खुलाउने | अन्य भए खुलाउने | अन्य भए खुलाउने |

सिद्धार्थनगर नगरपालिका

८. संस्थामा प्रयोग हुने प्रमुख उपकरणहरुको विवरण तथा स्रोतः

(क)

(ख)

(ग)

(घ)

(ङ)

९. संस्थामा सेवा पुर्याउने कर्मचारीहरुको विवरण सम्बन्धित मापदण्ड अनुसार (कर्मचारीको विस्तृत विवरण छुट्टै यसै अनुसार समावेश गर्ने)

(क) चिकित्सक

| | | |
|---|---|---|
| नाम | पद | योग्यता |
| पार्टटाईम | | फुलटाईम |

(ख) प्राविधिकः

| | | |
|---|---|---|
| नाम | पद | योग्यता |
| पार्टटाईम | | फुलटाईम |

(ग) प्रशासनिकः

| | | |
|---|---|---|
| नाम | पद | योग्यता |
| पार्टटाईम | | फुलटाईम |

**नोटः**

(१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भए नभएको विवरणः

(२) उपर्युक्त बमोजिम कुल के कति कर्मचारीहरुको संस्थामा संलग्न हुने हो (स्पष्ट उल्लेख हुनुपर्ने) :

(३) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरु (सम्बन्धित परिषद्मा दर्ता भएको र सम्बन्धित परिषद्को प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने)

(४) कर्मचारीहरुको योग्यताका प्रमाणित प्रतिलिपिको साथै कार्य गर्ने मञ्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

(५) सरकारी कर्मचारीहरु संलग्न हुने भए (सेवासँग सम्बन्धित प्रचलित कानून बमोजिम प्राप्त अनुमति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने)

(६) प्राविधिक कर्मचारीहरुले आफू कार्य गर्ने अन्य संस्थाहरुको समेत विवरण खुलाउने

सिद्धार्थनगर नगरपालिका

## निवेदन साथ पेश गर्नुपर्ने विवरणहरु

(क) निवेदन फारम

(ख) कम्पनी दर्ता⁄संस्था दर्ताको प्रमाणित प्रतिलिपि

(ग) संस्था/कम्पनीको विधान⁄प्रवन्ध पत्र, नियमावलीको प्रतिलिपि

(घ) स्थायी लेखा दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ङ) स्थापना गर्न लागिएको ठाउँमा अस्पताल आवश्यक छ भन्ने वडा कार्यालयको सिफारिस पत्र ।

(च) अस्पतालमा काम गर्ने जनशक्ति सम्बन्धी विवरण

(१) बायोडाटा

(२) शैक्षिक योग्यता, तालिमका प्रमाणित प्रतिलिपि

(३) प्राविधिक कर्मचारीहरुले सम्बन्धित काउन्सिलको दर्ता प्रमाण-पत्रको प्रतिलिपि

(४) नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(५) जनशक्तिहरुको काम गर्ने समय (पार्ट टाइम/फुल टाइम किटान गर्नुपर्नेछ)

(६) मञ्जुरीनामा⁄ कबुलियतनामा

(छ) औजार उपकरणको विवरण तथा स्रोत

(ज) सम्पूर्ण सेवा शुल्क विवरण

(झ) भौतिक सामग्रीको विवरण

(ञ) अस्पतालको विस्तृत सर्भेक्षण कार्ययेजना सहितको प्रस्ताव

(ट) अस्पतालको आर्थिक नियमावली

(ठ) अस्पतालले लिने सेवा शुल्क विवरण र गरिब तथा असहायलाई छुट सम्बन्धी व्यवस्था

(ड) प्रदान गरिने सेवाको विवरण

(ढ) जग्गा⁄ घरको स्वामित्व

(ण) घर⁄ कोठा बहालमा लिई सञ्चालन गर्ने भए घर बहाल सम्झौता-पत्र र भवन स्वास्थ्य संस्था सञ्चालन गर्न राष्ट्रिय भवन संहिता बमोजिम उपयुक्त छ भन्ने सम्बन्धी सिफारिश पत्र

(त) संस्थाको चल अचल सम्पत्ति विवरण तथा वित्तीय स्रोत

(थ) कर चुक्ता प्रमाण पत्र

(द) लेखापरीक्षण प्रतिवेदन

(ध) बिरामी बडापत्रको नमुना

(न) मूल्य अभिबृद्धि कर वा आयकरमा दर्ता भएको प्रमाणपत्र

(ऩ) सम्बन्धित निकायबाट भवनको नक्सा डिजाइन र निर्माण राष्ट्रिय भवन संहिताको मापदण्ड बमोजिम भएको स्वीकृति पत्र ।

सिद्धार्थनगर नगरपालिका

**सिद्धार्थनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

**अनुसूची-५**
**(दफा ८ को उपदफा ६ संग सम्बन्धित)**

**सिद्धार्थनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सिद्धार्थनगर, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

स्वास्थ्य संस्था/अस्पताल सञ्चालन अनुमति प्रमाण-पत्र

श्री ............................................. दर्ता नं. :
................................................ ।

स्वास्थ्य संस्था/अस्पताल सञ्चालन अनुमतिको लागि त्यस संस्थाबाट मिति ................. मा दिइएको निवेदन उपर आवश्यक जाँचबुझ गरी सिद्धार्थनगर नगरपालिकाको स्वास्थ्य संस्था व्यवस्थापन सम्बन्धी कार्यविधि-२०७८ को दफा ...... को उपदफा ..... बमोजिम मिति ................... सम्मको लागि स्वास्थ्य संस्था/ ......शैयाको अस्पताल सञ्चालन गर्नका लागि यो अनुमति प्रमाण-पत्र प्रदान गरिएको छ।

प्रमाण-पत्र दिने अधिकारीको

नाम:

दस्तखत:

मिति:

दर्जा:

**नवीकरण प्रयोजनको लागि**

| नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको नाम | पद | दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

सिद्धार्थनगर नगरपालिका

**सिद्धार्थनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**अनुसूची-६**
**दफा ३७ संग सम्बन्धित**
**सुसूचित सहमति लिनु पर्ने सेवा**

१. सबै प्रकारका शल्यक्रिया
२. ऐनेस्थेसिया
३. प्रसुती वा गर्भपतन सेवा

सिद्धार्थनगर नगरपालिका

सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अनुसूची ७
(दफा ३८ बमोजिम)

# Discharge Slip

**Patient's Name:** **Age :** **Sex :**

**Adress Rural/Municipality:** **ward :** **Tole:**

**Landline phone number:**

**Mobile Number:**

**Hospital ward :** **Unit :** **IP NO/Hospital registration:**

**Treating Doctor's/ Name :**

**Date of Admission with time:**

**Date of Discharge with Time:**

| | |
|---|---|
| Provisional diagnosis at the time of admission | |
| Final diagnosis at the time of discharge | |
| ICD 10 code(s) for final diagnosis | |
| Summary of presenting Illness | |
| Significant past medical and surgical history | |
| Significant clinical findings | |
| Summary of key investigation with major results | |
| Summary of Treatment | |
| Speciality consultant if any | |
| Bllod transfusion if any | |
| Adverse reactions of medicine and transfusion | |
| Condtions/outcome at discharge : Cured/improved /reffered out/Discharge on request/Absconded/Left against medical advice/Died | |
| Further Treatment and Advice | |
| Follow Up | |

**Discharge summary prepared by**
**Doctors Name:**
**Signature:**
**NMC No:**

सिद्धार्थनगर नगरपालिका

**सिद्धार्थनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

**अनुसूची-८**
**(दफा ३९ संग सम्बन्धित)**
**स्वास्थ्य संस्था स्थापना, नवीकरण वा स्तरोन्नती सम्बन्धी दस्तुर**

**अस्पताल र स्वास्थ्य संस्थाको हकमा देहाय बमोजिम दस्तुर लाग्नेछ :-**

| सि.नं. | संस्थाको किसिम | स्थापनाका तथा स्तरोन्नतीका लागि दस्तुर रकम रु. | नवीकरणका लागि दस्तुर रकम रु. |
|---|---|---|---|
| १ | अस्पताल | रु. | रु. |
| २ | स्वास्थ्य क्लिनिक | रु. | रु. |
| ३ | आयुर्वेद/वैकल्पिक क्लीनिक | रु. | रु. |

**प्रयोगशालाको हकमा देहाय बमोजिम दस्तुर लाग्नेछ :-**

| सि.नं. | प्रयोगशालाको किसिम | स्थापनाका तथा स्तरोन्नतीका लागि दस्तुर रकम रु. | नवीकरणका लागि दस्तुर रकम रु. |
|---|---|---|---|
| १ | ई समूहका प्रयोगशालाहरु | | |
| २ | डि समूहका प्रयोगशालाहरु | | |

नोटः अनुमति तथा नविकरण दस्तुर प्रत्येक आ.ब. मा नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ।

आज्ञाले:
तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

सिद्धार्थनगर नगरपालिका